# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १४ अंक ३४१ शुक्रबार,२३ माघ २०८२ SOURYA NATIONAL DAILY Friday, 6 February 2026 पृष्ठ : ८ मूल्य रू. १०


■ बाग्मती प्रदेशको चुनावी परिदृश्य

# पटक–पटक निर्वाचितदेखि नवयुवा उम्मेदवार चुनावी मैदानमा

## कतै निवर्तमानलाई नयाँको चुनौती, कतै जितको खोजीमा तेस्रो प्रयास

■ विक्रम रत्न




काठमाडौं । २१ फागुनमा हुने प्रतिनिधिसभा चुनावमा राष्ट्रिय राजनीतिको केन्द्रमा रहेको बाग्मती प्रदेशमा पेचिलो र रोचक प्रतिस्पर्धा हुने देखिएको छ । यस प्रदेशमा मुख्यतः कांग्रेस, एमाले, नेकपा र रास्वपाबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । नेमकिपालाई आफ्नो विरासत जोगाउने चुनौती छ भने राप्रपालाई विगतको जितलाई निरन्तरता दिनुपर्ने दबाब छ । पटक-पटक सांसद हुँदै राज्यसत्तामा पुगिसकेकादेखि नवयुवाहरूसमेतचुनावी मैदानमा देखापरेका छन् । यसअघि लगातार २ पटक पराजित भएकाहरू पनि जितको आशामा तेस्रो प्रयास गर्दै छन् ।

### २३१ स्वतन्त्रसहित ७३१ उम्मेदवार प्रतिस्पर्धामा

बाग्मती प्रदेशका ३३ संघीय सिटका लागि राजनीतिक दल र स्वतन्त्र गरी ७३१ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । जसमध्ये ५०० जना राजनीतिक दलका उम्मेदवार छन् भने २३१ जना स्वतन्त्र छन् । स्थापित राजनीतिक दलदेखि नयाँ राजनीतिक दलको कडा प्रतिस्पर्धाका बीच १ निर्वाचन क्षेत्रमा बढीमा दर्जनभन्दा बढी संख्यामा स्वतन्त्र उम्मेदवारसमेत प्रतिस्पर्धामा आउनाले यस प्रदेशको चुनावी प्रतिस्पर्धालाई थप रोचक बनाएको छ । संघीय राजधानीसमेत रहेको यस प्रदेशमा राष्ट्रिय राजनीतिका प्रभावशाली व्यक्तिहरूसमेत प्रतिस्पर्धामा रहेकाले चुनावी परिणाम कस्तो होला भन्ने राष्ट्रिय चासोको विषय बन्न पुगेको छ ।

### कस्तो थियो अघिल्लो चुनावको नतिजा ?

बाग्मती प्रदेशका १३ जिल्लामा प्रतिनिधिसभामा ३३ सिट छ । २०७९ को प्रतिनिधिसभा चुनावमा नेपाली कांग्रेस, तत्कालीन माओवादी केन्द्र र तत्कालीन नेकपा एकीकृत समाजवादी गठबन्धन बनाएर लडेका थिए । बाग्मती प्रदेशमा कांग्रेसले १३ सिटमा विजय हासिल गर्दै पहिलो दल बनेको थियो । कांग्रेसबाट रामेछाप-१ मा पूर्णबहादुर तामाङ (कान्छाराम), सिन्धुली-१ मा श्यामकुमार घिमिरे, रसुवा-१ मा मोहन आचार्य, धादिङ-२ मा रामनाथ अधिकारी र नुवाकोट-२ मा अर्जुननरसिंह केसी विजयी भएका थिए । त्यस्तै, काठमाडौं-१ मा प्रकाशमान सिंह, ३ मा सन्तोष चालिसे, ४ मा गगन थापा, ५ मा प्रदीप पौडेल र क्षेत्र-१० मा राजेन्द्रकुमार केसीले जितेका थिए । भक्तपुर-२ मा दुर्लभ थापा, ललितपुर-१ मा उदयशमशेर जबरा र सिन्धुपाल्चोक-२ मा मोहनबहादुर बस्नेत विजयी भएका थिए ।

त्यस्तै, एमालेले काठमाडौं-९ मा कृष्णगोपाल श्रेष्ठ, ललितपुर-२ मा प्रेमबहादुर महर्जन, काभ्रे-२ मा गोकुल बाँस्कोटा र मकवानपुर-२ मा महेश बर्तौला गरी ४ क्षेत्रमा मात्रै जित निकालेको थियो । ५ क्षेत्र जितेको तत्कालीन माओवादी केन्द्रबाट दोलखा-१ मा गंगा कार्की, सिन्धुली-२ मा लेखनाथ दाहाल (राजन), नुवाकोट-१ मा हितबहादुर तामाङ, काभ्रे-१ मा सूर्यमान दोङ र सिन्धुपाल्चोक-१ मा माधव सापकोटाले जितेका थिए ।

चुनावको करिब ६ महिनाअघि मात्रै स्थापना भएको रास्वपाले बाग्मती प्रदेशमा ७ क्षेत्रमा जित निकाल्दै प्रतिनिधिसभामा बाग्मतीबाट दोस्रो स्थान सुरक्षित गरेको थियो । काठमाडौं-२ मा सोविता गौतम, काठमाडौंकै क्षेत्र-६ मा शिशिर खनाल, ७ मा गणेश पराजुली र ८ मा विराजभक्त श्रेष्ठले जित हात पारेका थिए । त्यस्तै, ललितपुर-३ बाट तोसिमा कार्की, चितवन-१ बाट हरि ढकाल र २ बाट रवि लामिछाने विजयी भएका थिए । बाग्मतीको धादिङ-१ मा एकीकृत समाजवादीका उम्मेदवार राजेन्द्र पाण्डेले जितेका थिए भने भक्तपुर-१ मा नेमकिपाका प्रेम सुवालले जितेका थिए । राप्रपाबाट मकवानपुर-१ मा दीपकबहादुर सिंह र चितवन-३ मा विक्रम पाण्डे विजयी भएका थिए ।

यस पटक पनि केही स्थानमा नयाँ उम्मेदवार आए पनि अधिकांश यसअघि चुनाव जितेका र राष्ट्रिय राजनीतिमा प्रभावशाली व्यक्तिहरू नै उम्मेदवार बनेका छन् । तर, पहिलेझैं चुनावी गठबन्धन नभएको, पुराना राजनीतिक दलहरूप्रति जनताको बढ्दो निराशा र नयाँ दलप्रतिको मतदाताको बढ्दो उत्साहले चुनावी मत परिणाम अनपेक्षित रूपमा परिवर्तन हुने आकलन गरिएको छ ।

### ■ जहाँ हुनेछ रोचक प्रतिस्पर्धा



यसअघि दुइटा चुनाव जितेका रास्वपा सभापति रवि लामिछाने पुनः चितवन-२ मा उठेका छन् । २०७९ को चुनावमा ४९ हजार ३०० मत ल्याएर जितेका उनका निकटतम प्रतिद्वन्दी कांग्रेसका उमेश श्रेष्ठले १४ हजार ९८८ मत पाएका थिए । कांग्रेस-माओवादी केन्द्रको गठबन्धन भएको सो चुनावमा एमालेका कृष्णभक्त पोखरेलले १४ हजार ६५२ ल्याएका थिए भने राप्रपाका रविन अधिकारीले ९५५ मत ल्याएका थिए । तर, लामिछाने नागरिकता मुद्दामा पदमुक्त भएसँगै २०८० मा यहाँ उपनिर्वाचन भयो । उपनिर्वाचनमा पुनः उम्मेदवार बनेका उनले ५४ हजार १७६ मत पाएर विजयी भए । कांग्रेसका जितनारायण श्रेष्ठले ११ हजार २१४, कांग्रेसका रामप्रसाद न्यौपानेले १० हजार ९३६ र राप्रपाका जीवलाल पुरीले ३७५ मत पाएका थिए । यस पटक उनी कांग्रेसकी मीनाकुमारी खरेल, एमालेका अस्मिन घिमिरे, नेकपाका प्रताप गुरुङ र राप्रपाका जगदीश अधिकारीलगायतसँग प्रतिस्पर्धामा छन् । निरन्तर ठूलो मतान्तरले जित्दै आउनु, प्रतिस्पर्धीको चर्चा कम हुनु र राष्ट्रिय राजनीतिको बहाव नै रास्वपातर्फ बग्नुले लामिछानेलाई यस पटक पनि चुनाव जित्न खासै असहज नहुने आकलन गरिए पनि यहाँ सबैको ध्या भने खिचिएको छ । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ २०७९ मा जितेका ३३ मध्ये १८ जना फेरि मैदानमा



२०७९ को चुनावमा विजयी भएका ३३ जनामध्ये १८ जना पुनः मैदानमा देखिएका छन् । रास्वपाकी सोविता गौतम काठमाडौं-२ छाडेर चितवन-३ पुगेकी छिन् भने अन्य १७ जना भने पुरानै क्षेत्रबाट उम्मेदवार बनेका हुन् । पुरानै उम्मेदवारलाई दोहोऱ्याउनेमा रास्वपा पहिलो नम्बरमा छ भने दोस्रोमा नेकपा छ । रास्वपाले पुराना निर्वाचित ७ जनालाई पुनः उम्मेदवार बनाएको छ । नेकपाले ४ जनालाई फेरि उम्मेदवार बनाएको छ । कांग्रेसले ३ जनालाई दाहोऱ्याउँदा एमालेले २ जनालाई मात्रै फेरि प्रतिस्पर्धामा उतारेको छ । रास्वपाबाट गौतमसहित शिशिर खनाल, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, डा. तोसिमा कार्की, हरि ढकाल र रवि लामिछाने दोहोरिएर उम्मेदवार बनेका हुन् ।

कांग्रेसबाट मोहन आचार्य, प्रदीप पौडेल र उदयशमशेर जबरा दोहोरिएका छन् । एमालेबाट प्रेमबहादुर महर्जन र महेश बर्तौला मात्रै दोहोरिएका छन् । त्यसैगरी, नेकपाबाट लेखनाथ दाहाल (राजन), हितबहादुर तामाङ, माधव सापकोटा र राजेन्द्र पाण्डे दोहोरिएका छन् । राप्रपाबाट दीपकबहादुर सिंह र नेमकिपाबाट प्रेम सुवाल पनि दोहोरिएर प्रतिस्पर्धामा आएका उम्मेदवार हुन् । राजनीतिमा पुस्तान्तरण र नयाँलाई अवसरको सन्दर्भमा व्यापक चर्चा र प्रश्न उब्जिइरहेको सन्दर्भमा आगामी प्रतिनिधि सभाको चुनाव हुँदै छ । तर, दलहरूले भने पुरानै उम्मेदवारहरूलाई मैदानमा उतारेर आफैँमाथि प्रश्न उब्जाएका छन् ।

प्रतिनिधिसभा निर्वाचन-२०८२



२८ दिन बाँकी

भ्रामक विज्ञापन नगर्न विज्ञापन बोर्डको आग्रह




पृष्ठ २

२४ लाखभन्दा बढी घुस लिएको आरोपमा २ सरकारी साक्षीविरुद्ध भ्रष्टाचार मुद्दा




पृष्ठ ३

मुगुमा अज्ञात रोगले २०० भन्दा बढी भेडाबाख्रा मरे



पृष्ठ ७

# भारत-अमेरिका व्यापार सम्झौतापछि नेपालमा पनि सस्तिँदै डलर

■ सौर्य समाचार

काठमाडौं । नेपाली बजारमा निरन्तर बढ्दै आएको अमेरिकी डलरको विनिमय दर पछिल्लो समय घट्दै गएको छ । नेपाल राष्ट्र बैंकले निर्धारण गरेको विनिमय दरअनुसार पछिल्लो २ दिनयता डलरको भाउ २ रुपैयाँले घटेको हो । आइतबार १४७ रुपैयाँ ४८ पैसा पुगेको डलरको मूल्य घटेर बिहीबार १४५ रुपैयाँमा कारोबार भएको छ । अमेरिका र भारतबीच व्यापार अनिश्चय, ट्यारिफ दर उतारचढाव भइरहेको जस्ता कारणले भारतीय रुपैयाँको अवमूल्यन भएको थियो । भारतीय मुद्रासँग स्थिर विनिमय प्रणालीमा जोडिएकाले नेपाली मुद्रा पनि कमजोर भएको थियो ।

सोमबार अमेरिका र भारतबीच व्यापार सम्झौता भएलगत्तै भारतीय मुद्रा बलियो बनेको थियो । भारुसँगै नेपाली मुद्रा पनि बलियो बनेको छ । यो क्रमले केही




एआई सिर्जित तस्बिर

समय निरन्तरता पाउन सक्ने अर्थविद्हरूले बताएका छन् । भारत र अमेरिकाबीचको व्यापार सम्झौताका सूक्ष्म पक्षहरू सार्वजनिक भएपछि त्यसले मुद्रा बजारमा पार्ने प्रभाव कत्तिको दिगो रहने भन्ने थाहा हुने विज्ञहरू बताउँछन् । अमेरिकी डलरसँग नेपाली रुपैयाँको सीधा सम्बन्ध नभएकाले बजारमा भारुको उतारचढावसँगै नेपाली रुपैयाँ र डलरको भाउ तय हुने गर्छ ।

व्यापार सम्झौतापछि अमेरिकाले भारतमाथि गत वर्ष लागू गरिएको २५ प्रतिशत कर घटाएर १८ प्रतिशतमा झार्ने जनाएको छ । भारतले अमेरिकी ऊर्जा, प्रविधि, कृषि, कोइला तथा अन्य वस्तुहरू ५ खर्ब डलरभन्दा बढी मूल्यको खरिद गर्न सहमत भएको छ । विज्ञहरूका अनुसार डलरको भाउ घट्दा नेपालले आयात गर्ने सामानहरू र इन्धन किन्न कम रुपैयाँ खर्च हुने हुँदा बजार मूल्य घट्न सक्छ । वैदेशिक ऋणको भार कम र विदेशी अध्ययन र भ्रमण सस्तो हुनेछ । डलरको भाउ घट्दा विदेशबाट आउने रेमिट्यान्सको नेपाली मूल्य भने कम हुन्छ ।

■ नेपाल तेस्रो पटक विश्वकप मैदानमा

# बलिया प्रतिद्वन्द्वीबीच ऐतिहासिक प्रदर्शनको लक्ष्य

■ सौर्य समाचार

काठमाडौं । लगातार दोस्रो पटक आइसिसी टी-२० विश्वकपमा छनोट भएको नेपाली राष्ट्रिय क्रिकेट टोली ऐतिहासिक प्रदर्शन गर्ने लक्ष्यसहित मैदान उत्रिँदै छ । कप्तान रोहितकुमार पौडेलको नेतृत्वमा रहेको नेपाली टोलीले फेब्रुअरी ८ (२५ माघ) मा भारतको मुम्बईस्थित वानखेडे रंगशालामा २ पटकको विजेता इंग्ल्यान्डविरुद्ध खेल्दै विश्वकप यात्रा सुरु गर्नेछ । पछिल्लो समय नेपाल क्रिकेटप्रेमी देशका रूपमा चिनिँदै आएको छ । आजकल नेपाली क्रिकेटको चर्चा छिमेकी देश भारतसँगै क्रिकेट खेल्ने विश्वभरका देशमा हुँदै गएको छ ।

यसैबीच, भारतीय क्रिकेटर प्रियांक पञ्चालले पनि नेपाली क्रिकेटको चर्चा गरेका छन् । गत संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा कर्णाली याक्सबाट खेलेका पञ्चालका अनुसार नेपाली क्रिकेट प्रेमीहरूको सरलता, आत्मीयता र खेलप्रतिको साँचो प्रेम अविस्मरणीय छ । उनले पिटिआईसँग भनेका छन्, 'नेपालमा भेटिएका खेलाडी, अधिकारी र समर्थकहरू सबै अत्यन्तै न्यानो व्यवहारका थिए । यहाँ क्रिकेटप्रतिको माया धेरै साँचो छ ।' इंग्ल्यान्डविरुद्धको उद्घाटन खेलमा नेपाली समर्थकको उल्लेख्य उपस्थिति रहने अपेक्षा गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दका अनुसार वानखेडेमा नेपालका खेलहरूको टिकट बिक्री उत्साहजनक छ । 'भारत र पाकिस्तानपछि सबैभन्दा धेरै यात्रा गर्ने समर्थक हाम्रै हुन्, यही नै हाम्रो ठुलो शक्ति हो,' हालैको एक अन्तर्वार्ता क्रममा उनले भनेका थिए ।

नेपाल यतिखेर बलिया प्रतिद्वन्द्वीबीच विश्वकपमा ऐतिहासिक प्रदर्शनको लक्ष्यमा छ । टोलीमा कप्तान रोहित प्रमुख ब्याट्सम्यानका रूपमा छन् । साथै करण केसी, सोमपाल कामी र आइपिएल, बिग ब्यास र क्यारेबियन प्रिमियर लिग खेलिसकेका सन्दीप लामिछाने टिमका मुख्य आधार हुन् । क्यान अध्यक्ष चन्दले टोली राम्रो तयारीसहित विश्वकपमा सहभागी हुन लागेको बताए । श्रीलंकामा सम्पन्न पूर्वतयारी क्याम्पले टोलीलाई थप आत्मविश्वास दिलाएको उनको भनाइ छ । ▸▸▸ बाँकी पृष्ठ ६



■ नेपालको खेल तालिका

| | |
|---|---|
| फेब्रुअरी ८ (२५ माघ) | इंग्ल्यान्डविरुद्ध |
| फेब्रुअरी १२ (२९ माघ) | इटालीविरुद्ध |
| फेब्रुअरी १५ (३ फागुन) | वेस्ट इन्डिजविरुद्ध |
| फेब्रुअरी १७ (५ फागुन) | स्कटल्यान्डविरुद्ध |

■ टिम नेपाल

रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), कुशल भुर्तेल, सन्दीप जोरा, आरिफ शेख, सोमपाल कामी, करण केसी, नन्दन यादव, आसिफ शेख, लोकेश बम, सन्दीप लामिछाने, बसिर अहमद, गुल्सन झा, ललित राजवंशी र शेर मल्ल ।

■ निर्वाचन अपडेट

# ६० क्षेत्रको मतपत्र छपाइ सकियो, ३ फागुनभित्र सबै जिल्लामा पठाइने

■ सौर्य समाचार

काठमाडौं । २१ फागुनको प्रतिनिधिसभा चुनावको प्रत्यक्षतर्फ ६० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सकिएको छ । निर्वाचन आयोगका अनुसार हालसम्म ६० क्षेत्रका लागि ७२ लाख ६० हजार मतपत्र छपाइ सकिएको छ । छापिएकामध्ये २५ जिल्लाको मतपत्र प्याकिङ पनि सकिएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशको मतपत्र करिब छपाइ सकिएको छ । प्रत्यक्षतर्फ कुल २ करोड ३ लाख २३ हजार मतपत्र छाप्नुपर्नेछ । समानुपातिकतर्फको २ करोड ४ लाख मतपत्र छपाइ सकेर १६ माघदेखि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा प्रत्यक्षतर्फको मतपत्र छपाइ सुरु भएको थियो ।

उच्च हिमाली र दुर्गम क्षेत्रका जिल्लालाई उच्च प्राथमिकता दिएर आयोगले मतपत्र छपाइलाई निरन्तरता दिइरहेको छ । २५ माघदेखि ३ फागुनसम्म जिल्लामा पठाइसक्ने गरी आयोगको तयारी छ । निर्वाचनका लागि आवश्यक पर्ने ३७ प्रकारका सामग्री निर्वाचन कार्यालयले सम्बन्धित जिल्लामै खरिद गर्ने व्यवस्था गरेको छ । विभिन्न किसिमका निर्वाचन सामग्री भने आयोगले नै खरिद गरेर जिल्लामा पठाउन लागेको हो । सडक पुगेका उच्च पहाडी र हिमाली जिल्लामा ट्रक र उच्च हिमाली जिल्लामा हेलिकोप्टरमार्फत् मतपत्रलगायत निर्वाचन सामग्री ढुवानी गरिने आयोगले जनाएको छ । २०७९ को निर्वाचनमा खरिद गरी बाँकी रहेका निर्वाचन सामग्री भने आयोगले काठमाडौं वरिपरि एवं नजिकका जिल्लामा पठाएको छ ।

### प्रचारप्रसारअघि घोषणापत्र सार्वजनिक गर्नुपर्ने

निर्वाचन प्रचारप्रसारमा जानुअघि राजनीतिक दल र उम्मेदवारले घोषणापत्र सार्वजनिक गर्नुपर्नेछ । निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ मा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सोका आधारमा प्रचारप्रसार गर्नुपर्ने व्यवस्था छ । यो व्यवस्थाअनुसार आगामी ४ फागुनदेखि निर्वाचन प्रचारप्रसार गर्न पाउने कार्यतालिका छ । तर, आजसम्म आयोगमा कुनै पनि राजनीतिक दलले घोषणापत्र पेस नगरेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । निर्वाचन घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था आचारसंहितामा छ । राजनीतिक दल वा निर्वाचित उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भएबमोजिमको कार्यप्रगति प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने व्यवस्था पनि छ ।

### ■ चुनाव एकै चरणमा हुन्छ : *प्रधानमन्त्री*



केही दिनअघि प्रधानमन्त्री सुशीला कार्कीले २१ फागुनका लागि तोकिएको चुनाव २ चरणमा पनि हुन सक्ने अभिव्यक्ति दिएका कारण राजनीतिक दल तथा नागरिकप्रति नै चुनावबारे विभिन्न आशंका देखिएको थियो । बिहीबार नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री कार्कीबीच भएको भेटघाटमा पनि ओलीले उक्त विषय निकाल्दै संशय व्यक्त गरेका थिए । तर, प्रधानमन्त्री कार्कीले केही दिनमा उक्त अभिव्यक्ति सच्याउँदै देशभर शान्तिपूर्ण रूपमा एकैसाथ र एकै चरणमा चुनाव हुने बताइन् ।

प्रत्यक्षतर्फको मतपत्र छपाइको स्थलगत अनुगमनमा पुगेकी प्रधानमन्त्री कार्कीले कुनै पनि जिल्लामा दोस्रो चरणमा मतदान नहुने स्पष्ट पार्दै भनिन्, 'निर्वाचन आयो, अब जनताले छाप लाउन मात्रै बाँकी छ ।' निर्वाचनको दिन फागुन २१ गते मौसम अनुकूल हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री कार्कीले सबैतिर राम्रो भएर आएको बताइन् । सबैले मतदान गर्न पाउने भन्दै उनले मतदानको सबै नतिजा आएपछि नयाँ सरकार बन्ने र आफूहरू आफ्नो घर फर्कने बताइन् । 'तपाईंहरू निश्चिन्त हुनुस्, फरक पर्दैन, चुनाव एकै चरणमा र एकै दिन हुन्छ, २ चोटी हुनेवाला कहीँ छैन, तोकिएकै मितिमा हुन्छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'हामी सबैले मतदान गर्न पाउँछौँ, त्यसको परिणाम आउँछ, त्यसपछि सरकार बन्छ र हामी थपक्क सरकार हस्तान्तरण गरेर आ-आफ्ना घरतिर जान्छौँ ।'

# जथाभावी पार्किङ गरिएका बस नियन्त्रणमा

काठमाडौं । काठमाडौं उपत्यकामा ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन उपत्यका ट्राफिक प्रहरी कार्यालयले जथाभावी पार्किङ गरी सवारी आवागमनमा अवरोध सिर्जना गर्ने ९ रात्रिकालीन बसलाई नियन्त्रणमा लिएको छ । बिहीबार उपत्यकाका विभिन्न स्थानमा सञ्चालन गरिएको विशेष जाँच अभियानका क्रममा उक्त ९ वटा बसलाई नियन्त्रणमा लिइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । उनले भने, 'हामीले नियन्त्रणमा लिइएका बसमध्ये केहीको बाटो इजाजतपत्र (रुट परमिट) को म्याद सकिएको २ वर्षसम्म भएको देखिएको छ । यसबारे हामी यातायात व्यवस्था विभागसँगको समन्वयमा थप प्रक्रिया अगाडि बढाउने छौं ।'

नियन्त्रणमा लिइएका ती ९ वटा बसलाई अहिले उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथमा राखिएको छ । ती बसहरूले सडकमा अनावश्यक जाम सिर्जना गर्नुका साथै यात्रु तथा अन्य सवारी साधनलाईसमेत असहज अवस्था उत्पन्न गराएको ट्राफिक प्रहरीले जनाइएको छ । लामो दुरीका रात्रिकालीन सेवा सञ्चालन गर्दै आएका ती बसहरूले बाटो इजाजतपत्र (रुट परमिट) अनुसार तोकिएको गन्तव्यसम्म नगई बाटोमै जथाभावी पार्किङ गरेको पाइएपछि नियन्त्रणमा लिइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

'रुट परमिट उल्लंघन गरी अव्यवस्थित रूपमा पार्किङ गर्दा सवारी आवागमनमा गम्भीर असर परिरहेको थियो,' उनले भने, 'नियन्त्रणमा लिइएका बसलाई यातायात व्यवस्था ऐन, २०४९ अन्तर्गत दफा ७५ र दफा १६० अनुसार कारबाही गरिने छ ।' बुधबार मात्रै ट्राफिक प्रहरीले जथाभावी पार्किङ गरिएका लामो दुरीका १५ रात्रिकालीन बसहरूलाई नियन्त्रणमा लिएको थियो ।

## Chainpur Municipality
## Office of The Municipal Executive
Chainpur, Sankhuwashava

**Invitation for Sealed Quotation**

Date of Publication: 2082/10/23 (06-02-2026)

IFB: SQW/01/082/083

1. The Chainpur Municipality invites sealed quotations from registered contractors for the construction of Construction of Urgen Sangachholing Gumba, Chainpur-1, Sankhuwasabha.The Estimated amount for the works is (in NRs.): 1,126,505.15 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms from PPMO website www.bolpatra.gov.np.

## परिवर्तन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**स्पष्टिकरण पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८२/१०/२३

यस गाउँपालिका कार्यालय अन्तर्गतका तपशिल बमोजिमका ठेक्काहरूको निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीलाई यस कार्यालयबाट पटक–पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत बेवास्ता गरी हालसम्म निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै तदारुकता नदेखाएको, कार्यालयबाट समय समयमा प्रदान गरिएका निर्देशन एवम् कार्यतालिका बमोजिम निर्माण कार्य अगाडि नबढाएको साथै कार्य अधुरो छाडी लामो समयदेखि साइट अलपत्र पारेको पाइएको हुँदा ठेक्का सम्झौताका शर्त एवम् प्रचलित कानून बमोजिम ठेक्का अन्त्य किन नगर्ने? कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा लिखित स्पष्टिकरण पेश गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा ठेक्का सम्झौता र प्रचलित कानून (सार्वजनिक खरिद नियमावली, नियम १४१) बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन कार्यालय बाध्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपशिल:

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | निर्माण व्यवसायीको नाम/ठेगाना | मुख्य व्यक्ति |
|---|---|---|---|---|
| 1 | PRM/ROLPA/W/RO/NCB/2/2081-082 | Tribeni Twang Gorichaur Syanlekha Sadak Nirman Paribartan 5 | Gaurigoma Nirman Sewa (Pvt. Ltd.) Sharada Municipality-08, Salyan | Tufan Singh Budhathoki |
| 2 | PRM/ROLPA/W/RO/NCB/4/2081-082 | Bagmara Thunikot Kewari Sarplote Kalapohara Gangadev Ga. Pa. Jodane Sadak Nirman Wada no. 3 ra 4 | Gaurigoma Nirman Sewa (Pvt. Ltd.) Sharada Municipality-08, Salyan | Tufan Singh Budhathoki |

प्रमुख प्रशासकीय अधिकृत

## Soru Rural Municipality
## Office of the Rural Municipal Executive
Jima, Mugu

**Invitation for Sealed Quotation**

Date of publication: February 6, 2026

1. The Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu invites electronic sealed quotations for the construction of following projects
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu, ito.sorumun@gmail.com, Tel: 9858366277 [or may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidders shall submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account:
   Name of the Bank : Rastriya Banijya Bank, Sorukot, Mugu
   Name of Office : Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu
   Office Code no. : 80106303 Office Account no.: 4510100301010002
   Name of Account : Soru Ga.Pa. (Ga-1-1)-Aantarik Rajswa
   Rajaswa (revenue) Shirshak no. : 14229 Bid Document Fee: NRs. 1000/-
4. Sealed bids must be submitted to the office Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu by e-GP system i.ewww.bopatra.gov.np/egp on February 21st 2026, 12:00 noon. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at February 21st 2026, 13:00 at the Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security of following amount and validity period.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract Identification Number | Project | Bid Document Fee NRs. | Bid Security Amount NRs. | Bid Security Validity | Estimated Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | SRM/SQ/WORKS/RC/10/2082/83 | Syali dekhi Padagaun samma Sadak Nirman, Soru-6, Mugu | 1000 | 55,000/- | Up to May 7th, 2026 | 1,948,870.70 | |
| 2. | SRM/SQ/WORKS/RC/11/2082/83 | Nera Tanja Sadak Nirman, Soru-5, Mugu | 1000 | 55,000/- | | 1,948,675.60 | |
| 3. | SRM/SQ/WORKS/RC/12/2082/83 | Photu Khola Dekhi Swasthya Chauki Samma Bato Nirman, Soru-4, Mugu | 1000 | 55,000/- | | 1,948,796.14 | |

# भ्रामक विज्ञापन नगर्न विज्ञापन बोर्डको आग्रह

■ सौर्य समाचार




काठमाडौं । आसन्न प्रतिनिधिसभा निर्वाचनको प्रचारका क्रममा भ्रामक विज्ञापन प्रकाशन, प्रसारण नगर्न र नगराउन उम्मेदवारहरूलाई विज्ञापन बोर्डले आग्रह गरेको छ । बोर्डले बिहीबार एक विज्ञप्ति जारी गर्दै कुनै राजनीतिक दल वा उम्मेदवारलाई होच्याउने, भ्रम सिर्जना गर्ने श्रव्य, श्रव्य दृष्य सामग्री उत्पादन, प्रकाशन, प्रसारण र प्रदर्शन नगर्न/नगराउन राजनीतिक दल, उम्मेदवार तथा समर्थकहरूमा अनुरोध गरेको हो ।

व्यक्तिको चरित्रहत्या हुने, घृणा फैलाउने, सामाजिक सद्भाव बिथोल्ने वा निर्वाचनको स्वच्छता प्रभावित गर्ने, अमर्यादित व्यवहार गर्ने विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण नगर्न/नगराउन विज्ञप्तिमार्फत अनुरोध गरिएको छ । कृतिम प्रविधिको प्रयोग गरी निर्माण गरिएका श्रव्य तथा श्रव्यदृश्य सामग्री डिपफेक, फेक आइडीमार्फत प्रकाशन तथा प्रसारण गरी मतदातालाई भ्रमित नगर्न/नगराउन तथा सामाजिक सञ्जालमा पोस्ट भएका भ्रमपूर्ण र मिथ्या सूचना तथा सामग्रीलाई लाइक, सेयर, ट्याग वा कमेन्ट नगर्न/नगराउन बोर्डले सबैमा अनुरोध गरेको छ । आचारसंहिता विपरीतका कुनै कार्य गरेको पाइएमा विज्ञापन, विज्ञापन नियमावली, निर्वाचन आचारसंहिता, विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, विपरीत कुनै पनि गतिविधि भए गरेको पाइएमा कानुनबमोजिम कारबाही गरिने बोर्डले चेतावनी दिएको छ ।

सामाजिक सञ्जाललगायत अन्य माध्यमको प्रयोग गरी कुनै दल तथा दलका उम्मेदवार वा नेता तथा कार्यकर्तालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा होच्याउने, भ्रम सृजना गर्ने जस्ता कार्य भइरहेको र त्यसबाट मतदातामा भ्रम सृजना हुने गरेको गुनासो आइरहेको बोर्डले जारी गरेको विज्ञप्तिमा भनिएको छ । निर्वाचन आयोग र विज्ञापन बोर्डबीच निर्वाचनको समयमा हुने विज्ञापनको अनुगमन, नियमन, छानबिन र कारबाही गर्ने सहमति भई बोर्डले विज्ञापनको अनुगमन तथा नियमन गरिरहेको पनि जानकारी गराएको छ ।

# ७ दिनभित्र घरबहाल तिर्न ८ सहकारीलाई काठमाडौं महानगरको उर्दी

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं महानगरपालिकाले ८ सहकारी संस्थालाई ७ दिनभित्र घरबहाल तिर्न सार्वजनिक सूचनामार्फत जानकारी गराएको छ । कानुन तथा मानव अधिकार विभागले सो सूचना जारी गरी उक्त जानकारी गराएको हो । सूचनामा भनिएको छ, 'काठमाडौं महानगरपालिका, न्यायिक समितिबाट घर कोठा खाली गर्ने भनी भएका निर्णयमध्ये सहकारीले बहालमा लिएका घर कोठा खाली गर्नेसम्बन्धी २०८२ माघ १५ मा निर्णय कार्यान्वयन समितिको बैठकमा भएको निर्णयअनुसार यो सूचना प्रकाशन गरिएको छ ।' महानगर सहकारी विभागका प्रमुख महेशकुमार काफ्लेकाअनुसार सूचनामा विवरण भएका सहकारी संस्थाका पदाधिकारी, कर्मचारी तथा संस्थाका सदस्यले सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कामपाका, कानुन तथा मानवअधिकार विभागमा सम्पर्क गर्नुपर्नेछ ।

तोकिएको समयभित्र सहकारी संस्थाका पदाधिकारी, कर्मचारी, सदस्य सम्पर्कमा नआएमा सहकारीले बहालमा लिएका घर कोठा न्यायिक समितिको निर्णयानुसार खाली गरिने जनाइएको छ । 'उक्त घर कोठा खाली गर्दा सहकारी कार्यालयका सामान सम्बद्ध घरधनीको जिम्मामा दिइनेछ । पछि सहकारीका सम्पत्ति, सरसामान सम्बन्धमा कुनै दाबी विरोध नलाग्ने व्यहोरासमेत यसै सूचनामार्फत सूचित गरिन्छ,' सूचनामा उल्लेख छ । नाम सार्वजनिक गरिएका सहकारीहरूमा वडा-३१ स्थित आशा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, वडा-६ स्थित नव सवल र सन्दुप सहकारी संस्था लिमिटेड, सोही वडामा रहेको सुन्ताखाल बचत तथा ऋण सहकारी संस्था, वडा-१७ मा सञ्चालित युनिफाइड बचत तथा ऋण सहकारी संस्था छन् ।

त्यसैगरी वडा-२२ मा सञ्चालित महाबौद्ध बचत तथा ऋण सहकारी संस्था, वडा-३२ मा रहेको ग्रेट गंगासागर सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ, वडा-१० मा सञ्चालित प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड छन् । लामो समयदेखि भाडा नतिरी कार्यालयमा ताला लगाएर सञ्चालक फरार भएपछि घरधनीबाट महानगरपालिकामा निवेदन प्राप्त भइरहेका छन् । यसरी आएका निवेदन फर्स्यौट गर्ने क्रममा महानगरपालिकाले सार्वजनिक सूचना जारी गरेर सो प्रक्रिया अगाडि बढाएको हो ।

### फोहोर फाल्नेलाई महानगर प्रहरीले कारबाही गर्ने

यस्तै, काठमाडौं महानगरपालिका क्षेत्रमा बग्ने बागमती नदी र नदी किनारको दायाँबायाँ फोहोर फाल्नेलाई आगामी शनिबारदेखि महानगर प्रहरीले गस्ती गरी कानुनी कारबाही गर्ने भएको छ । थापाथलीस्थित काठमाडौं महानगरपालिका-११ मा भएको बागमती सफाइ अभियानकर्मीहरूको बैठकमा वडाध्यक्ष हीरालाल तण्डुकारले सो जानकारी दिएका हुन् । विगत १३ वर्षदेखि बाग्मती तथा उपत्यकाका अन्य नदी एवं खोला तथा सार्वजनिक स्थान, चक्रपथ, नेपालका पूर्वदेखि पश्चिम, हिमाल, पहाड, तराईका स्थानमा सरसफाइ अभियान चलिरहेको छ । उक्त अभियानबाट आमनागरिकको सोचाइमा परिवर्तन भएको पाइएको अभियानकर्मी किशोरसिंह शाहीले बताए ।

फोहोर वर्गीकरण गरी मोहरको रूपमा वैज्ञानिक रूपले व्यवस्थापन गर्नुपर्नेमा बैठकमा जोड दिइएको छ । फोहोर व्यवस्थापनसम्बन्धी नियम कानुन बने पनि त्यसको कार्यान्वयन गर्ने निकायले बेवास्ता गरेकाले यसतर्फ ध्यान दिनुपर्ने सफाइ महाअभियान एवं उपत्यकाका सरसफाइ अभियानकर्मीको भनाइ छ । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले यसतर्फ आवश्यक कदम चाल्नुपर्ने उल्लेख गरिएको छ ।

■ काभ्रेमा विपत्ति

# १५१ किसानलाई राहत उपलब्ध गराउन सिफारिस

काभ्रेपलाञ्चोक । जिल्लामा प्राकृतिक विपत्तिबाट १ हजार २०० रोपनी जमिनमा लगाएको कृषि बाली क्षति भएको छ । क्षतिको राहत उपलब्ध गराउन बाग्मती प्रदेश सरकारलाई अनुरोध गरिएको छ । जिल्ला कृषि विकास कार्यालय धुलिखेलले गत वर्ष र यस वर्षको प्राकृतिक विपत्तिका कारण खाद्यान्न, तरकारी बाली, फलफूल र तरकारीका टनेल क्षतिग्रस्त भएका १५१ किसानलाई राहत उपलब्ध गराउन प्रदेश सरकारसमक्ष सिफारिस गरेको हो । कार्यालयले प्राकृतिक विपत्तिका कारण ९६१ रोपनीमा भएको खाद्यान्न क्षतिको लागि १४ लाख ४१ हजार ५९० रुपैयाँ, २६५ रोपनी जमिनमा लगाइएको तरकारी बाली क्षतिवापत ७ लाख ८० हजार ६२५ राहतका लागि सिफारिस गरिएको जनाएको छ ।

कार्यालय प्रमुख कुलप्रसाद दवाडीले कार्यालयले गत वर्ष र यस वर्षको प्राकृतिक विपत्तिका कारण कृषिबालीमा क्षति पुगेका १५१ किसानलाई राहत उपलब्ध गराउन प्रदेशस्थित कृषि मन्त्रालयमा सिफारिस गरिएको बताए । यस्तै उनले करिब ३ हजार फलफूलका बिरुवा क्षतिवापत २ लाख ९०० र ३०० बाँसका टनेल क्षतिवापतको १५ हजारका दरले राहत रकम उपलब्ध गराउन प्रदेश कृषि मन्त्रालयलाई अनुरोध गरिएको जानकारी दिए । प्रदेश सरकारले प्राकृतिक विपत्तिका कारण खाद्यान्न बालीमा क्षति पुगेका किसानका लागि प्रति रोपनी १ हजार ५०० रुपैयाँ, तरकारी बालीमा क्षति पुगेका किसानका लागि प्रतिरोपनी २ हजार ५०० रुपैयाँ राहत उपलबध गराउँदै आएको छ । यस्तै बाँसका टनेलमा क्षति भएमा प्रतिवर्गमिटर ५० रुपैयाँ र फलफूलका बिरुवा क्षति भएमा प्रतिबोट ५० रुपैयाँ राहत उपलब्ध गराउने जनाइएको छ ।

# निर्वाचनलाई मानवअधिकारमैत्री बनाउन आयोगको आग्रह




■ सौर्य समाचार

काठमाडौं । राष्ट्रिय मानवअधिकार आयोगले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै निर्वाचनलाई मानवअधिकारमैत्री बनाउन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ । आयोगले आगामी २१ फागुनमा हुन लागेको प्रतिनिधिसभाको निर्वाचनमा मानवअधिकारको अवस्थाको राष्ट्रिय मानवअधिकार आयोगले अनुगमन गरिरहेको उल्लेख गर्दै निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आग्रह गरेको हो । आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलका अनुसार आयोगले बिहीबार निर्वाचनमा पर्यवेक्षण गर्ने विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग अनुगमन/पर्यवेक्षणको प्रभावकारिताको सम्बन्धमा गरेको छलफलमा सहभागीहरूले निर्वाचनलाई मानवअधिकारमैत्री बनाउनुपर्नेमा जोड दिएका छन् ।

आयोगको अनुगमनबाट राजनीतिक दलका केही नेताहरू र उम्मेदवारहरूले एक अर्को दल, नेता र उम्मेदवारप्रति अमर्यादित भाषा प्रयोग गरी घृणाजन्य अभिव्यक्ति दिएको, अरूको मर्यादामा आँच आउने प्रकृतिका सामग्री उत्पादन गरी डिजिटल प्रविधिको माध्यमबाट प्रचारप्रसार गरिएको, मतदाताहरूलाई कुन दल/नेतालाई भोट दिने ? भनी प्रश्न सोध्ने र त्यसलाई भिडियो/अडियो रेकर्ड गराई सामाजिक सञ्जालमा राखी मतदाताको गोप्य मतदानको अधिकार र गोपनीयताको हक उल्लंघन गरेको पाइएको छ ।

आयोगमा मानवअधिकार अनुगमनबाट निर्वाचन आयोगले तयार गरेको निर्वाचन आचारसंहिता केही दल र उम्मेदवारहरूबाट उल्लंघन भएको भनी प्रश्न उठेको, निर्वाचनपूर्व नै अमूक उम्मेदवारले जित्छ भनी समाचार तयार गरी भ्रम सिर्जना गरेको र मतदाता शिक्षा प्रभावकारी हुन नसकेको जनाएको छ । केही राजनीतिक दलका कार्यालयहरूमा तोडफोड भएको, यसअघि आयोगले राजनीतिक दलका प्रतिनिधिहरू र सञ्चाकर्मीहरूसँग छुट्टाछुट्टै गरेको छलफलमा उल्लिखित विषयहरूलाई उठाइएको अनुगमनबाट पाइएको छ ।

# ५० वर्षसम्म प्रकाशन भएका पत्रपत्रिकालाई प्रेस काउन्सिल सम्मान

काठमाडौं । प्रेस काउन्सिल नेपालले निरन्तर ५० वर्षसम्म प्रकाशन भएका पत्रपत्रिकालाई 'प्रेस काउन्सिल सम्मान' प्रदान गर्ने भएको छ । धादिङको सल्यानटारमा बसेको काउन्सिल बोर्ड बैठकले 'निरन्तर ५० वर्षसम्म प्रकाशन भएका पत्रपत्रिकालाई 'प्रेस काउन्सिल सम्मान' प्रदान गर्ने' निर्णय गरेको काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । काउन्सिलद्वारा प्रदान गरिने विभिन्न पुरस्कारलाई थप पारदर्शी र प्रभावकारी बनाउन पुरस्कारसम्बन्धी कार्यविधिमा सुधार/परिमार्जन गर्नेसमेत उक्त बैठकले निर्णय गरेको छ ।

बैठकमा चालु आर्थिक वर्षको हालसम्मको कार्यक्रम, प्रगति तथा थप कार्यक्रमसहित निर्वाचन आचारसंहिता र आमसञ्चार क्षेत्रका समसामयिक विषयमा छलफल भएको विज्ञप्तिमा उल्लेख छ । निर्वाचन आचारसंहिता जागरण अभियान धादिङबाट सुरु गर्ने बैठकले निर्णय गरेको छ । पहिलोचरणमा ७ प्रदेशका प्रमुख सहरमा 'निर्वाचन आचारसंहिता र मिडिया' विषयक कार्यक्रम सञ्चालन गर्ने तथा अनुगमनलाई थप प्रभावकारी बनाउने निर्णय भएको काउन्सिलले जनाएको छ ।

बोर्ड बैठकले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचन आचारसंहिता पूर्णरूपमा कार्यान्वयन गर्न/गराउन सम्बन्धित सबैमा अपिल गर्ने निर्णय गरेको छ । बैठकपश्चात् काउन्सिलले धादिङबेँसीमा विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधि, शैक्षिक एवं सामाजिक संघसंस्थाका प्रतिनिधि, पत्रकार तथा बुद्धिजीवीरूको सहभागितामा 'निर्वाचन आचारसंहिता र मिडिया' विषयक अन्तरक्रिया कार्यक्रम गरिएको विज्ञप्तिमा उल्लेख छ ।

# २४ लाखभन्दा बढी घुस लिएको आरोपमा २ सरकारी साक्षीविरुद्ध भ्रष्टाचार मुद्दा




■ सौर्य समाचार

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिई प्रतिकूल बकपत्र गरेको आरोपमा २ जना सरकारी साक्षीविरुद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको छ । आयोगले भक्तपुरको चाँगुनारायण नगरपालिका-४ निवासी तेजबहादुर तामाङ र सानुकान्छा तामाङविरुद्ध बिहीबार आरोपपत्र दायर गरेको हो । अख्तियारका अनुसार उनीहरूले भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरका तत्कालीन प्रमुख मालपोत अधिकृत कुमार आचार्य र कार्यालय सहयोगी टिकाराम राउतसँग मिलेमतो तथा योजनाबद्ध रूपमा सेवाग्राहीबाट ठुलो रकम घुस लिएको प्रमाण फेला परेको छ ।

आयोगको अनुसन्धानअनुसार प्रतिवादीहरूले सेवाग्राहीसँग कुल २४ लाख ५० हजार रुपैयाँ घुस लिएका थिए । आरोपपत्रमा उल्लेख भएअनुसार साविक चाँगुनारायण गाउँ विकास समिति-५ 'ख' अन्तर्गतका कित्ता नं. २८६ र २८९ को जग्गा मोही बाँडफाँड तथा नामसारी प्रक्रिया सहज गराइदिने, साथै जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गरिदिने आश्वासन दिई घुस असुल गरिएको थियो । सो कार्यमा प्रमुख मालपोत अधिकृत आचार्य र कार्यालय सहयोगी राउतको प्रत्यक्ष संलग्नता र योजनाबद्ध मिलेमतो रहेको अख्तियारको दाबी छ ।

तर, पछिल्लो चरणमा मुद्दा विचाराधीन रहँदा प्रतिवादी तामाङद्वयले अदालतमा सत्य तथ्य विपरीत बयान दिँदै प्रतिकूल बकपत्र गरेको आयोगको निष्कर्ष छ । यसले न्यायिक प्रक्रियामा बाधा पुऱ्याउनुका साथै भ्रष्टाचारसम्बन्धी मुद्दा कमजोर पार्ने प्रयास भएको अख्तियारको भनाइ छ । आयोगले दुवै प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐनअनुसार कैद सजाय र बिगो रकम बराबर जरिमाना हुन मागदाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको जनाएको छ । अख्तियारले भ्रष्टाचार नियन्त्रणका लागि यस्ता कार्यमा संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याइने स्पष्ट पारेको छ ।

## ■ गोली प्रहारपछि अभियुक्त पक्राउ, ६५ तोला सुन बरामद

काठमाडौँको बौद्धस्थित रिन्जी लामाको घरबाट करिब १ करोड ४ लाख ५३ हजार रुपैयाँ बराबरका सुनका गहना चोरी गरी फरार भएका अभियुक्तलाई प्रहरीले गोली प्रहार गरी नियन्त्रणमा लिएको छ । घटनामा संलग्न बाँके जिल्ला निवासी प्रेम चौधरीलाई बुधबार राति नागार्जुन नगरपालिका-६ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाका अनुसार अभियुक्त चौधरी चोरीपछिको फरार अवस्थामा लुकिछिपी बसिरहेको सूचनाका आधारमा प्रहरीले खोजी तीव्र बनाएको थियो ।

पक्राउका क्रममा अभियुक्तले प्रहरीमाथि खुकुरी प्रहार गरी ज्यान जोखिममा पारेपछि आत्मरक्षाका लागि बाध्य भएर प्रहरीले गोली चलाएको उनले जानकारी दिए । गोली अभियुक्तको खुट्टामा लागेको र हाल उनको काठमाडौँस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ । उपचारपछि थप अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिने तयारी भइरहेको छ । घटनाका क्रममा १ जना प्रहरीसमेत सामान्य घाइते भएका छन्, जसको अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ । प्रहरीले अभियुक्तको साथबाट चोरी भएको ६५ तोला सुन बरामद गरेको छ ।

बरामद गरिएका सुनका गहनामा हार, सिक्री, चुरा र अन्य बहुमूल्य गरगहना रहेका छन् । प्रारम्भिक अनुसन्धानअनुसार अभियुक्तले एक्लै चोरी गरेको खुलेको भए पनि घटनामा अन्य व्यक्तिको संलग्नता भए-नभएको विषयमा थप अनुसन्धान भइरहेको छ । प्रहरीले काठमाडौँ उपत्यकामा पछिल्लो समय बढ्दै गएका चोरी तथा आपराधिक गतिविधि नियन्त्रणका लागि गस्ती र निगरानी थप कडा बनाइएको जनाएको छ । साथै, यस्ता आपराधिक कार्यमा संलग्न जो-कोहीलाई कानुनको दायरामा ल्याइने प्रहरीले स्पष्ट पारेको छ ।

# लुम्बिनीमा तेस्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन हुँदै, ६० भन्दा बढी देशबाट सहभागिता

लुम्बिनी । बुद्ध जन्मस्थल लुम्बिनीमा तेस्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन आयोजना हुने भएको छ । लुम्बिनी विकास कोषको बिहीबार बसेको परिषद् बैठकले आगामी वैशाख पूर्णिमाका अवसर पारेर लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन आयोजना गर्ने निर्णय गरेको हो । लुम्बिनी विकास कोषका सदस्यसचिव एवं इन्जिनियर दीपक श्रेष्ठले लुम्बिनीको पर्यटन प्रवर्द्धन तथा पर्यटक आगमन बढाउने उद्देश्यले अन्तर्राष्ट्रिय समुदायमा लुम्बिनीको प्रचारप्रसारलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यसहित आगामी वैशाख १६ र १७ गते सम्मेलन आयोजना गर्ने निर्णय गरिएको जानकारी दिए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा लुम्बिनी विकास कोषका अध्यक्ष अनिलकुमार सिन्हाको अध्यक्षतामा बसेको बैठकले अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनका लागि मूल आयोजक समारोह समिति गठन गरेको छ ।

समितिको संयोजक लुम्बिनी विकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामा (खेन्पो छिमेछिरिङ) रहने गरी १० सदस्यीय मूल समारोह समिति गठन गर्ने निर्णय गरिएको हो । सरकारले चालु आर्थिक वर्षमा सम्मेलन आयोजना गर्न ३ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । यसअघि देशमा भएको राजनीतिक तथा संरचनात्मक परिवर्तनका कारण नोभेम्बरमा आयोजना गर्ने भनिएको सम्मेलन २५७०औँ बुद्ध जयन्तीको अवसर पारेर आगामी वैशाख १६ र १७ गते लुम्बिनीमा गर्ने तयारी कोषका सदस्य सचिव श्रेष्ठले जानकारी दिए । बुद्ध धर्म र दर्शनमार्फत विश्व शान्ति प्रवर्द्धन गर्दै दया, करुणा र विश्व बन्धुत्वको भावना फैलाउने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको मूल समारोह समितिका संयोजक डा.लामाले जानकारी दिए ।

सम्मेलनमा विश्वका ६० भन्दा बढी देशका बौद्ध विद्वान, गुरु, विशिष्ट पाहुना तथा विभिन्न क्षेत्रका महत्त्वपूर्ण व्यक्तित्वको सहभागिता रहने उनले विश्वास व्यक्त गरे । २ दिनेसम्म सञ्चालन हुने सम्मेलनमा बुद्ध जन्मस्थल लुम्बिनी, कपिलवस्तु तथा बुद्धसँग सम्बन्धित क्षेत्रको सम्पदा, लुम्बिनी क्षेत्रको पर्यावरणीय अवस्था, विश्व बौद्ध सम्पदा, बौद्ध शिक्षा तथा संस्कृतिका विषयमा छलफल र कार्यपत्र प्रस्तुत हुने जनाइएको छ । यसअघि भएका आयोजना भएका पहिलो र दोस्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनले नेपालको धार्मिक, सांस्कृतिक तथा पर्यटन क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको लुम्बिनी विकास कोषले जनाएको छ । यसपटकको सम्मेलनमा प्रचारप्रसारका माध्यमबाट लुम्बिनीलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने, संसारभरि बौद्ध धर्मको महत्त्व बढाउने र लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्य राखिएको विकास कोषका सदस्य सचिव श्रेष्ठले बताए । *(सौस)*

# चितवन मेडिकल सिटीका रूपमा विकास

चितवन । कुनै समय दैनिक ६० हाराहारीमा बिरामी बोकेका एम्बुलेन्स चितवनबाट काठमाडौँ जाने गर्दथे । हिजोआज त्यो संख्या ३-४ वटामा झरेको छ । भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा.भोजराज अधिकारीले झन्डै ८ वर्षअघि भरतपुरको आँपटारीमा २४ घण्टा एम्बुलेन्सको तथ्यांक लिँदा ६० एम्बुलेन्स बिरामी लिएर काठमाडौँ गएको विवरण सुनाए । उनका अनुसार त्यसपछिका दिनमा क्रमशः बिरामी जाने क्रम घट्दै आएको छ । उनले भने, 'अहिले भरतपुरमा सबै खालका रोगको उपचार हुने भएपछि निकै कम मात्र बिरामी बाहिर जान्छन् ।'

संयुक्त एम्बुलेन्स चालक संघका केन्द्रीय अध्यक्ष नवराज लामिछानेले पहिले पहिले धेरै एम्बुलेन्स चितवनबाट बिरामी बोकेर काठमाडौँ जाने गरेको बताए । पछिल्ला दिनमा दैनिक ३-४ वटा एम्बुलेन्स मात्रै काठमाडौँ जाने गरेको उनले जानकारी दिए । टाउको, मिर्गौला, हार्डजोर्नीका गम्भीर समस्या भएका बिरामी फाट्टफट्ट जाने गरेको उनको भनाइ छ । भरतपुरमा उपचार हुने भए पनि ठुलो अस्पताल खोज्दै र काठमाडौँमा आफन्त तथा घर भएकाहरू जाने गरेको उनले बताए । यसका अतिरिक्त एक अस्पतालबाट चितवनकै अर्को अस्पतालमा रिफर गर्ने परिपाटी नहुँदा पनि काठमाडौँ बिरामी जाने गरेको उनी बताउँछन् ।

काठमाडौँ पुगेर सेवा लिँदा हुने झन्झटका कारण पनि स्थानीयस्तरमै सकेसम्म उपचार गर्न धेरैले चाहना गर्ने गरेको लामिछानेको भनाइ छ । जिल्लामा संघीयस्तरको सरकारी भरतपुर अस्पताल, राष्ट्रियस्तरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, २ वटा ठुला मेडिकल कलेज, बाग्मती प्रदेशको बकुलहर रत्ननगर अस्पताल, २५ भन्दा बढी निजी अस्पताल, आँखा अस्पताल, निजीस्तरको सिएमसी क्यान्सर इन्स्टिच्युटलगायतका स्वास्थ्य संस्था यहीँ भएका कारण बिरामीलाई रोजीछानी उपचार गर्ने अवसर मिलेको छ । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा.शिवजी पौडेल चितवनमा सेवा सुविधा र विश्वसनीयता बढेका कारण बिरामी बाहिर जाने घटेको बताउँछन् । उनले भने, 'क्यान्सरका धेरैजसो बिरामी काठमाडौँबाट यहाँ आउँछन् ।'

दक्षजनशक्ति, आधुनिक प्रविधि सहितका अत्याधुनिक उपकरण, सरल सेवासुविधा, बिरामीमैत्री सेवा चितवनका अस्पतालमा उपलब्ध हुन थालेपछि बिरामीको आकर्षण बढेको उनी बताउँछन् । जिल्लामै रोबटिक सर्जरीसम्मको उपचार हुने हुँदा काठमाडौँका बिरामी चितवन आउन थालेपछि यहाँका बिरामी जान छाडेको उनले बताए । जिल्लामा स्वास्थ्य क्षेत्रमा ठुलो लगानी भएको छ । सरकारी अस्पतालमा मात्रै होइन, निजी क्षेत्रले पनि ठुलो लगानी अस्पतालमा गर्ने गरेको छ । चितवन मेडिकल कलेजका कार्यकारी अध्यक्ष प्राडा हरिश्चन्द्र न्यौपानेले डिएम र एमसिएच गरेका २७ विशेषज्ञ चिकित्सक अहिले सिएमसीमा मात्रै रहेको बताए ।

उनको भनाइमा राजधानी काठमाडौँबाट आफ्नो मेडिकल कलेजमा उपचारका लागि बिरामी आउने गरेका छन् । उनले भने, 'रोबर्टिक सर्जरी, मुटु, क्यान्सर, न्युरो लगायतका उपचारका लागि काठमाडौँबाट यहाँ बिरामी आउने गरेका छन् ।' उनका अनुसार काठमाडौँमा नहुने क्यान्सरको उपचार सिएमसी क्यान्सर इन्स्टिच्युटमा हुन्छ । न्युरोको ट्यूमर, अर्लिस्टेजका ट्युमरको उपचार काठमाडौँमा नभई चितवनमा हुन्छ । क्यान्सरको केमोथेरापी, ब्राकीथेरापी, रेडियो थेरापीलगायत सबै खालको प्रविधि र उपचार आफूहरूले सरकारी सुविधा तथा दररेटमा गर्दै आएको उनको भनाइ छ । उहाँका अनुसार क्रिटिकल केयरको सुविधा नेपालमा हुनेमा सबैभन्दा राम्रो चितवनमा रहेको छ । रोबर्टिक सर्जरीमा नेपालमै सबैभन्दा बढी यही हुने गरेको उनले बताए ।

मुटुको सबै खालका शल्यक्रिया यहाँ हुने गरेको भन्दै उनले यहाँबाट बिरामी काठमाडौँ नभएर काठमाडौँबाट धेरै बिरामी यहाँ आउने गरेको दाबी गरे । चितवनमा उच्चस्तरका प्रयोगशाला, इमेजिङ सेन्टर पनि रहेका छन् । त्यसका कारण रोग पहिचानमा पनि सहज हुने गरेको छ । आँखा उपचारका लागि नेपाल नेत्रज्योति संघले भरतपुरमा सञ्चालन गरेको भरतपुर आँखा अस्पतालमा चितवन र छिमेकी जिल्लाका बिरामी आउने गर्दछन् । *(सौस)*


सुन्दरहरैंचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ कोशी प्रदेश, नेपाल

**बिद्युतीय माध्यमद्वारा बोलपत्र/दरभाउपत्र आब्हानको सुचना**

**(प्रथम पटक सुचना प्रकाशन मिति: २०८२/१०/२३)**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमका निर्माण कार्यहरु खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपुर्वक बोलपत्र/दरभाउपत्र www.bolpatra.gov.np/egp मार्फत तोकिएको म्याद भित्र पेश गर्नुहुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

| सि. न. | बोलपत्र/दरभाउपत्रको विवरण | लागत अनुमान रु (भ्याट र पिएस बाहेक) | बोलपत्र/दरभाउपत्र फाराम दस्तुर रु. | बोलपत्र/दरभाउपत्र जमानत रु. | बोलपत्र/दरभाउपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | SHM/NCB/W/17/2082/083, Construction Works of School Building of Shree Jyoti Ma.Vi., Sundarharaicha 11 | ८९३१७११।०६ | ३००० | २५०००० | २०८२/११/२५ १२.०० बजे |
| २ | SHM/NCB/W/18/2082/083 Construction of RCC Community Building of Bholeshwar Mandir, Sundarharaincha 04 | ४६०६९७९।७१ | ३००० | १४७००० | २०८२/११/२५ १२.०० बजे |
| ३ | SHM/NCB/W/19/2082/083 Construction Works of School Building of Sajilal Ma. Vi.(Gachhiya Block), Sundarharaincha 07 | ८९३१७११।०६ | ३००० | २५०००० | २०८२/११/२५ १२.०० बजे |
| ४ | SHM/SQ/W/20/2082/083 Silpi Theatre Toilet Construction Work, Sundarharaicha 08 | १५१४४०९।९२ | १००० | ४४००० | २०८२/११/१० १२.०० बजे |
| ५ | SHM/SQ/W/21/2082/083 Construction of Culvert works (1. Jambadh East, 2. Tower tole turning and 3. Majhuwa Dhayani Majhi home front), Sundarharaicha 02 | १२९१९७८।३० | १००० | ३६००० | २०८२/११/१० १२.०० बजे |

**अन्य विवरण**

1. बोलपत्र/दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ । थप जानकारीका लागि सुन्दरहरैँचा नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।
2. बोलपत्र/दरभाउपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत



बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
**हेटौंडा, मकवानपुर, नेपाल**

मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. ९ र १४ जोड्ने कुख्रेनी खोला पुल, मकवानपुरगढी गाउँपालिका वडा नं. ५, सिमलटारमा ज्यामिरे खोला पुल, थाहा नगरपालिका वडा नं. ३ मा सबिने खोला बक्स पुल, हेटौंडा उपमहानगरपालिका वडा नं. १२ र मनहरी गाउँपालिका वडा नं. ३ जोड्ने सिद्धकाली बक्स पुल, भिमफेदी गाउँपालिका वडा नं. ९ मा ढाँडखँडेधर-मनहरी खोला पुल, र हेटौंडा उपमहानगरपालिका वडा नं. १८ मा पुर्केचौर-दियावती जोड्ने बरौली खोला पुल निर्माण आयोजनाहरूको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

बागमती प्रदेश, मकवानपुर जिल्लाको हेटौँडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, थाहा नगरपालिका, भिमफेदी गाउँपालिकामा पूर्वाधार विकास कार्यालय, हेटौंडा, मकवानपुरद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, हेटौंडा, मकवानपुर, बाग्मती प्रदेश, नेपाल<br>फोनः ९८५५०८४६२५, इमेलः idomakawanpur@gmail.com |
| प्रस्तावको व्यहोरा | 1. मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. ९ र १४ जोड्ने कुख्रेनी खोला पुल निर्माण आयोजना<br>2. मकवानपुर जिल्ला, मकवानपुरगढी गाउँपालिका वडा नं. ५, सिमलटारमा ज्यामिरे खोला पुल निर्माण आयोजना<br>3. मकवानपुर जिल्ला, थाहा नगरपालिका वडा नं. ३ मा सबिने खोला बक्स पुल निर्माण आयोजना<br>4. मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. १२ र मनहरी गाउँपालिका वडा नं. ३ जोड्ने सिद्धकाली बक्स पुल निर्माण आयोजना<br>5. मकवानपुर जिल्ला, भिमफेदी गाउँपालिका वडा नं. ९ मा ढाँडखँडेधर-मनहरी खोला पुल निर्माण आयोजना<br>6. मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. १८ मा पुर्केचौर-दियावती जोड्ने बरौली खोला पुल निर्माण आयोजना |
| प्रभाव पार्न सक्ने क्षेत्र | 1. मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. ९ र १४<br>2. मकवानपुर जिल्ला, मकवानपुरगढी गाउँपालिका वडा नं. ५<br>3. मकवानपुर जिल्ला, थाहा नगरपालिका वडा नं. ३<br>4. मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. १२ र मनहरी गाउँपालिका वडा नं. ३<br>5. मकवानपुर जिल्ला, भिमफेदी गाउँपालिका वडा नं. ९<br>6. मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. १८ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो सो क्षेत्रको स्थानिय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालासँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| १. मकवानपुर जिल्ला, थाहा नगरपालिका वडा नं. ३ मा सबिने खोला बक्स पुल निर्माण आयोजना | २. मकवानपुर जिल्ला, भिमफेदी गाउँपालिका वडा नं. ९ मा ढाँडखँडेधर-मनहरी खोला पुल निर्माण आयोजना |
| स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ फाल्गुन १० गते आइतबार<br>समयः ११.०० बजे | स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ फाल्गुन ११ गते सोमबार<br>समयः ११.०० बजे |
| ३. मकवानपुर जिल्ला, मकवानपुरगढी गाउँपालिका वडा नं. ५, सिमलटारमा ज्यामिरे खोला पुल निर्माण आयोजना | ४. मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका वडा नं. १८ मा पुर्केचौर-दियावती जोड्ने बरौली खोला पुल निर्माण आयोजना |
| स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ फाल्गुन १२ गते मंगलबार<br>समयः ११.०० बजे | स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ फाल्गुन १३ गते बुधबार<br>समयः ११.०० बजे |
| ५. मकवानपुर जिल्ला, हेटौँडा उपमहानगरपालिका वडा नं. ९ र १४ जोड्ने कुख्रेनी खोला पुल निर्माण आयोजना | ६. मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका वडा नं. १२ र मनहरी गाउँपालिका वडा नं. ३ जोड्ने सिद्धकाली बक्स पुल निर्माण आयोजना |
| स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ फाल्गुन १४ गते बिहिबार<br>समयः ११.०० बजे | स्थानः पुल निर्माण आयोजना स्थल<br>मितिः २०८२ फाल्गुन १५ गते शुक्रबार<br>समयः ११.०० बजे |



कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
ओखलढुङ्गा

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**प्रकाशित मिति २०८२/१०/२३**

यस कार्यालयको मिति २०८2/0९/१७ मा प्रकासित बोलपत्र आवहान सम्बन्धी सुचना अनुसार बिधुतीय बोलपत्र प्रणाली (e-GP) मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरुको मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिस अनुसार देहायका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपव स्वीकृत गरीने भएकोले सार्वजनिक खरीद ऐन २०६३(संशोधित) को दफा २७(२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ ।

**तपसिल**

| सि. न. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (VAT र PS सहित) |
|---|---|---|---|---|
| १. | IDO-OKHAL-NCB-BUILDING-34-2082/83 | Construction of Community Building at ChampaDevi Rural Municipality-04, Okhaldhunga | Simana Nirman Sewa Pvt.Ltd | NRs 72,41,998.80 |
| २. | IDO-OKHAL-NCB-BUILDING-35-2082/83 | Construction of Parasparik Kriyaputri Bhawan Si.Na.Pa-11, Okhaldhunga | L.B.P Construction And Suppliers | NRs 6,70,375.34 |

कार्यालय प्रमुख

## सम्पादकीय

# स्वास्थ्य बिमा कार्यक्रम जोगाउनु अपरिहार्य

प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवा राज्यबाट निःशुल्क पाउने र आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित नगरिने संवैधानिक व्यवस्था छ। तर यो संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्ने मामिला जटिल बनिरहेको छ। किनकि अस्पतालहरूले बिरामीको उपचारका लागि गरेको सम्पूर्ण खर्च राज्यकोषबाट बेहोर्न सम्भव हुँदैन। त्यसमाथि पनि निजी क्षेत्रका अस्पतालहरू नाफाका लागि खोलिएका हुन्छन्, यदि अस्पतालको खर्च राज्यले बेहोर्ने नै हो भने जनताबाट चर्को करअसुली गर्नुपर्ने हुन्छ। त्यसैले नागरिकहरूलाई निःशुल्क स्वास्थ्य सेवा प्रवाह गर्ने विश्वका सबैजसो देशले स्वास्थ्य बिमा कार्यक्रम लागू गरेका छन्। नेपालमा पनि आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न सरकारले २०७१ सालबाट स्वास्थ्य बिमा कार्यक्रम सुरू गरेको थियो। तर बिमाबापत जति रकम संकलन हुन्छ, त्यो रकमले बिमितहरूको स्वास्थ्य उपचारको खर्च धान्न सकेन। धेरै नै अपुग भयो। बिमा कोषमा रकम जम्मा गर्नेहरूको संख्याका तुलनामा बिमाबापतको सुविधा लिनेहरूको संख्या न्यून हुने भएका कारण विश्वका अन्य देशमा स्वास्थ्य बिमा कार्यक्रम सफल भएको देखिए पनि हाम्रो देशमा भने बिमा गर्नेहरू र बिमा बापतको सुविधा लिनेको संख्या करिब करिब उस्तै देखियो। जसका कारण स्वास्थ्य बिमा बोर्डले खर्च धान्न सकेन। सरकारले यस बापत छुट्याएको बजेट ६ महिनामै सकिन थाल्यो। अर्बौं रुपैयाँ बक्यौता पुगेपछि अस्पतालहरूले बिमितहरूको उपचार गर्न नसकिने घोषणासमेत गरे। सरकारी अस्पतालले समेत विज्ञप्ति नै निकालेर 'बिमितहरूको उपचार गर्न सक्दैनौँ' भन्नु भनेको स्वास्थ्य बिमा कार्यक्रम असफल भएको प्रमाण हो। अब असफल भयो भनेर हात झिक्ने कि कार्यक्रमलाई सफल बनाउन विकल्प खोज्ने ? भन्ने प्रश्नको संघारमा मुलुक छ। संविधानले नै निर्दिष्ट गरेको यो व्यवस्थाबाट सरकार भाग्न सक्ने अवस्था छैन।

स्वास्थ्यमन्त्री डा.सुधा गौतमले केही दिनअघि एक सार्वजनिक कार्यक्रममा दिएको जानकारीअनुसार स्वास्थ्य बिमा कार्यक्रमका लागि यस वर्ष सरकारले विनियोजन गरेको ११ अर्ब रुपैयाँ बजेट सकिएर अर्को ११ अर्ब खर्च भइसकेको छ, अझै १४ अर्ब रुपैयाँ निकासा नगर्ने हो भने कार्यक्रम अघि बढ्न सक्ने अवस्था छैन। बजेट जोहो गर्ने विषयमा स्वास्थ्यमन्त्री डा. गौतमसँग विवाद भएकोले बिमा बोर्डका कार्यकारी निर्देशक डा.रघुराज काफ्लेले पदबाट राजीनामा दिइसकेको अवस्था एकातिर छ भने अर्कातिर स्वास्थ्यमन्त्री गौतम र अर्थसचिव घनश्याम उपाध्यायबीच पनि विवाद भएको समाचार बाहिर आएका छन्। प्रधानमन्त्री सुशीला कार्कीको रोहवरमै भएको छलफलमा स्वास्थ्यमन्त्री गौतम र अर्थसचिव उपाध्यायबीच सवाल जबाफ भएको समाचारले पनि स्वाथ्य बिमा कार्यक्रम यथास्थितिमा अघि बढ्न सक्दैन भन्ने कुरा प्रमाणित गरेको छ। अन्तरिम सरकारको कार्यकाल धेरै बाँकी नरहेका कारण प्रधानमन्त्री कार्कीले निश्चय पनि स्वास्थ्यमन्त्री डा.गौतमको पक्षमा उभिएर रकम निकासाका लागि अर्थमन्त्रीलाई दबाब दिनेछिन्। किनकि स्वास्थ्य बिमा कार्यक्रम रोकिएको सन्देश प्रवाह भयो भने चुनावी महौलमा असर पर्ने कुरा उनलाई थाहा छ। त्यसैले यसपटकलाई स्वास्थ्य बिमाको सेवा रोकिने छैन। तर चुनावपछि आउने नयाँ सरकारका लागि भने निकै ठुलो चुनौती देखिन्छ।

कुल जनसंख्याको करिब ३० प्रतिशत अर्थात् १ करोड २ लाख नागरिक आवद्ध भएको र त्यसमध्ये दैनिक ५० हजारभन्दा बढीले स्वास्थ्य बिमाबाट उपचार लिइरहेको सरकारी तथ्यांकलाई विश्लेषण गर्ने हो भने पनि यो कार्यक्रम किन असफल भयो भन्ने कुरा प्रष्ट छ। स्वास्थ्य बिमामा भइरहेको दुरुपयोग नरोक्ने हो र खर्चमा मितव्ययिता नअपनाउने हो भने अब राज्यको क्षमताले नभ्याउने स्वास्थ्यमन्त्री गौतमको भनाइ यथार्थ हो। सूचना पाएर नै उनले यो खुलासा गरेकी हुन्। दुरुपयोग ठुलो समस्या हो, तर योसँगै अन्य समस्याहरू पनि छन्। सिद्धान्ततः स्वास्थ्य बिमा भनेको हुनेखाने र निरोगीले पनि बिमा कोषमा रकम जम्मा गर्ने र विपन्न अवस्थाका बिरामीलाई उपचार सेवा दिने उद्देश्यले सञ्चालन गरिएको योगदानमा आधारित कार्यक्रम हो। तर हुनेखाने तथा निरोगी उमेरकाहरू स्वास्थ्य बिमा कार्यक्रममा समेटिएनन्। निजामती, सेना, प्रहरीका लागि छुट्टै अस्पताल तथा स्वास्थ्य सेवाको व्यवस्था भएका कारण यो वर्ग बिमा कार्यक्रममा सहभागी भएन। गैरसरकारी क्षेत्रमा आवद्ध श्रमिकलाई सामाजिक सुरक्षा कोषमार्फत स्वास्थ्य बिमामा आवद्ध गराउने प्रयास पनि सफल हुन सकेन। यो १० वर्षको अनुभवले स्वास्थ्य बिमा कार्यक्रम किन र कसरी असफल भयो भन्ने पाठ सिकएको छ। यो पाठलाई आत्मसात गर्दै सुधारका उपाय अवलम्वनका लागि ढिलाई गर्नु हुँदैन। किनकि जनतालाई निःशुल्क स्वास्थ्य सेवा प्रवाह गर्नका लागि बिमाबाहेक अर्को विकल्प देखिन्न।

# प्रियतावादको सुनामी



धनराज वास्तविक

> "आर्थिक रूपमा कमजोर, पावर र पहुँच नभएका इमानदार नेतालाई जनताले नटेर्ने र शक्तिशाली नेतालाई जिताएर पठाउने, पछि गएर गाली गर्ने काम जनताबाट हुनु अबका दिनमा राम्रो सुनिने छैन् । यदि मतदाता सचेत र जागरूक बनेको खण्डमा जस्तो पायो त्यस्तै पार्टी र उम्मेदवारले चुनाव जित्ने सम्भावना हुँदैन ।

२०६२/०६३ सालको दोस्रो जनआन्दोलनपछि 'जनयुद्ध'को रापताप बोकेर तत्कालीन माओवादी सहर पसेको थियो। 'जनयुद्ध'को बलमा २४० वर्षे जहानियाँ तानाशाही राजतन्त्रको जरो उखेलेर फालेर आएको शक्ति चानचुने हुने कुरा पनि भएन। प्रचण्डको एउटा आह्वानमा हजारौँ मान्छेहरू बलिदान दिन तयार हुने समय थियो। त्यो समय गाउँका कुनदेखि सहरका गल्लीसम्म माओवादीको चर्चा अहिलेको बालेनको भन्दा कम थिएन। भलै, अहिलेको जस्तो सामाजिक सञ्जालको पहुँच थिएन। तर, मान्छेहरू प्रचण्ड–बाबुरामको अनुहार हेर्न भेला हुन्थे। हजारौँ मान्छेहरूका निम्ति प्रचण्ड, बाबुराम, बादलहरू बहुप्रतिक्षित नाम र अनुहार थिए।

आफ्नै सेनामेना र जनताको उच्च अपेक्षाको भारी बोकेर गाउँदेखि सहर छिरेको माओवादीले २०६४ सालको संविधानसभामा भाग लियो। चुनावमा भाग लिँदै गर्दा माओवादीले भन्यो, दरबार मात्रै होइन, यो देश बिगार्ने कांग्रेस र एमाले पनि हो। देश बिगार्ने मुख्य पक्ष राजतन्त्र भए पनि त्यसको बलियो मतियार कांग्रेस र एमाले हुन् भनेर चर्को भाषण गऱ्यो। कांग्रेस र एमालेले पार लगाउन नसकेको अस्तव्यस्त देशलाई सञ्चालन गर्नका निम्ति माओवादीलाई अत्यधिक मतकासाथ जनताले विजय गराए। तर, देशको आर्थिक अवस्था, अर्थराजनीति, विदेश सम्बन्ध, अन्तर्राष्ट्रिय सामरिक जटिलता र आफ्नै नालायकीले माओवादी आन्दोलन छिन्नभिन्न बन्यो। जनताले तीव्र अपेक्षा राखेकै कारण माओवादीसँग जनता निराश बने। माओवादीबाट जनता टाढिँदै गए। पहिलोबाट तेस्रो, चौथो हुँदै अब कता पुग्ने हो पत्तो नहुने अवस्थामा तत्कालीन माओवादी शक्ति (हाल नेपाली कम्युनिस्ट पार्टी) आइपुगेको छ।

ठिक आज राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जनताका तीव्र इच्छा, चाहना, भावना र देशको विकास गर्छु भनिरहेको छ। सुन्दा कति राम्रो कुरा। देश बनाउने कुरा छ। जनताको भलाइ र हितमा काम गर्नेछ। तर, हाम्रो अवस्था डेलिभरी राजनीति गर्न सम्भव छ कि छैन ? भनेर हेर्दा, छैन। हाम्रो देशको राष्ट्रिय ढुकुटी, सामाजिक संरचना, हाम्रो विदेश नीति, सामरिक जटिलता, भूराजनीति र अर्थराजनीतिका बारेमा सामान्य ज्ञानसमेत नभएका व्यक्तिहरूले फेसबुक फलोअर्सको भरमा देशको प्रधानमन्त्री बन्छु भन्नु र देश चलाउने कुरा सजिलो हुँदैन।

विचार, सिद्धान्त र संगठनको साहारामा खुला राजनीतिमा आएका प्रचण्डसमेत असफल हुने राजनीतिक अवस्था भएको देशमा बालेन- रविहरूको पपुलिजम र सुनामी धम्कीले देशले दिगो राजनीति पाउँछ भन्ने कुरा पत्यार लाग्ने र सुनिने कुरा होइन। लोकतन्त्रमा जनतालाई धम्काउने छुट कसैले पनि हुँदैन। पुराना नेता भन्ने र 'नो नट अगेन' भनेर हिँड्नेहरू नै तीनपटक सांसदको लागि चुनाव लडिरहेका छन्। यो कति विरोधाभास कुरा छ। अदालतको मुद्दा तलमाथि नभएसम्म आफ्नो निर्वाचन क्षेत्रमा अर्को उम्मेदवार खडा गर्न किन नसकेको भनेर किन नसोध्ने ? प्रियतावादको सुनामीले विश्वको कुन मुलुकले शान्ति पाएको छ भनेर किन नसोध्ने ?

रास्वपाका सभापति रवि लामिछानेको सुनामीवाला स्टाटसका बारेमा यहाँभन्दा धेरै मन्थन आवश्यक छैन। मुलुक संघीय संसद्को निर्वाचनमा होमिएको छ। गाउँदेखि सहरका गल्लीमा उम्मेदवारहरू पुगिसकेका छन्। तर, रित्तो हात। बिनाघोषणापत्र। राजनीतिक दलका प्रतिवद्धताका बारेमा जनताले समेत सोधिखोजी गरिरहेको पनि देखिएन।

### जनतालाई नझुक्याउ

राजनीतिशास्त्रमा इतिहासलाई स्मरण नगरिकन वर्तमानको बारेमा ठोस विश्लेषण गर्न सकिँदैन। वर्तमानको ठोस विश्लेषण नगरिकन आगतको बारेमा आकलन गर्न सकिँदैन। २०७९ सालको संघीय निर्वाचनले ५ वर्षका निम्ति संघीय संसद् निर्वाचित गरेको थियो। अर्थात ५ वर्षका निम्ति जनताले आफ्ना प्रतिनिधि चयन गरेका थिए। बिडम्बना भन्नुपर्छ, २०८२ भदौ २३ र २४ गतेको जेनजी विद्रोहले संघीय संसद् विघटन गरिदियो। मुलुकका निम्ति नयाँ संसद्को आवश्यकता पऱ्यो। आज सरकार, दल र सरोकारवाला पक्ष निर्वाचनतर्फ होमिसकेका छन्। स्मरणहोस्, संसद् विघटनको मुद्दा सर्वोच्चमा विचाराधीन अवस्थामा छ। सुनुवाइ प्रक्रियामा प्रवेश गरे पनि संसद् विघटनसम्बन्धी फैसला निर्वाचन अघि आउने सम्भावना नभएको टिप्पणीसमेत भइरहेका छन्।

यो अदालती विषय भयो। आगामी २१ फागुनमा सम्पन्न हुने भनिएको निर्वाचनका सन्दर्भमा दलहरूले तयार गर्ने चुनावी घोषणापत्रका बारेमा बहस र चर्चा भइरहेको छ। जो आवश्यक र उचित बहस पनि हो। विगतका निर्वाचनमा दलहरूले मिठा सपना, आकर्षक नारा र महत्त्वाकांक्षी योजना समेटेर घोषणापत्र तयार गर्थे। यसपालिको निर्वाचनमा दलहरूले के कस्ता नारा र मुद्दा समेटेर घोषणापत्र तयार गर्छन् ? त्यसको बारेमा केही समय कुर्नै पर्छ। यति अपेक्षा गर्दा अर्थयुक्त हुन्छ नै, दलहरूले राष्ट्रिय हित र जनताको भावनालाई सम्बोधन गर्ने, व्यावहारिक र नीतिगत सुनिश्चितता प्रदान गर्ने खालका घोषणापत्र आउनुपर्छ। जनताले पनि लहैलहैमा, स्टन्ट र पपुलिजमको प्रदूषित सुनामीको पछि दोडेर होइन, जुन दलको घोषणापत्रले राष्ट्रको बृहत् हित गर्न सक्छ, जुन दलको घोषणापत्रले जनताको भलाइ, समृद्धि, विकास, सुशासन, वैदेशिक सम्बन्ध थप मजबुद र राजनीतिक स्थायित्व प्रदान गर्नसक्छ त्यस्तो विचार बोकेको दल र नेतालाई रोज्दा लोकतन्त्र थप बलियो बन्छ।

खासगरी ठोस योजना र प्रतिवद्धताको पक्षमा फैसला गर्नुपर्नेछ। यसो गर्न सकियो भने मुलुकले अर्को दुर्घटना भोग्नुपर्ने अवस्था आउँदैन। होइन, गुलियो नारा र अनुहारको पछि लागेर प्रियतावादी राजनीतिको भर गर्ने हो भने मुलुकले आजको भन्दा भयंकर दुःखको सिकार हुनुपर्नेछ। आज विश्व बजार पपुलिजमले चलाइरहेको छ। उपभोक्तावादले राज गरिरहेको छ। विचार, सिद्धान्त र कार्यक्रमलाई लात हानेर अनुहारको पछि दौडिने जनमासको भिडले विश्वको कुनै पनि देशको राजनीतिलाई गति दिन सकेको इतिहास छैन।

### नेतालाई पनि नझुक्याउ

अब आदर्शका गफले मात्रै मुलुक बन्दैन। हाम्रो मुलुक राजनीतिक अभ्यास गर्ने थलो बन्नु हुँदैन। लोकतान्त्रिक आन्दोलनदेखि जेनजी विद्रोहसम्मका आन्दोलनले मुलुकलाई नयाँ आशा त दिए। तर, उचित निकास दिन नसक्दा मुलुक अभ्यास गर्ने थलो बनिरहेको छ। यसको प्रथम कारण नै आन्दोलनले हासिल गरेका उपलब्धिको रक्षा, विकास र स्थायित्व गर्न नसक्नु हो।

विश्वका विकसित देशमा पुगेका नेपालीहरूले आफू रहेको देशको विकास, सुशासन, जवाफदेहीतासँग नेपालको राजनीतिलाई जोडेर हेर्छन्। त्यसपछि आफ्नै देशतर्फ फर्केर गाली गर्छन्। त्यो भावनात्मक रूपमा ठिक भन्न सकिएला। तर, त्यो आक्रोशको भित्रिकारण अन्तर्य अर्कै छ। ती देश जो सयौँ वर्षदेखि एउटै संविधानले चलिरहेका छन्। हाम्रो मुलुकले राणाशासनको अन्त्यपछि मात्रै आधा दर्जन संविधान बदलिसक्यो। जुन देशको राजनीति अस्थिर बन्छ, त्यो देशको संविधानले दिगो दिशा दिन सक्दैन। संविधान कार्यान्वयनमा चुक्दा मुलुकले अशान्ति बेहोर्नुपर्छ। हाम्रो मुलुकमा भइरहेको यही त हो। हरेकजसो देशमा एक न एक नेतासँग जनताहरूले अधिक मात्रामा आशा गरेको पाइन्छ। आजको अवस्थामा पनि केही अमुक पात्रलाई जनताले विश्वास गर्ने भनिरहेका छन्। सोहीअनुसारको हल्ला पनि गरिरहेको देखिन्छ। यही हल्लाले विदेशमा रहेका नेपालीहरूलाई पनि छोएको छ।

खासमा सत्य अर्कै छ, विगतमा कांग्रेस कम्युनिस्टहरूले देशको विकास, समृद्धि र सुशासनका बारेमा जति काम गर्नुपर्ने थियो, त्यति नभएको सत्य हो। तर, केही पनि गरेनन्, केही पनि भएकै छैन, सबै चोर फटाहा भन्ने खालका अराजनीतिक भाष्यलाई प्रमुख हतियार बनाएर राजनीति गर्न खोजिएको कुरा कसले बुझ्ने ? इमानदार, जनप्रिय र क्षमतावान नेतालाई जनताले जिताएर नपठाएको सत्यलाई नजरअन्दाज गर्न मिल्छ ? मिल्दैन।

यसर्थ, दल मात्रै होइन, जनताले पनि झुटको खेती बन्द गर्नुपर्छ। यसअघि जनताले नेताहरूले काम गरेनन् भनेर गाली गरेको पनि सुनियो। अबका जनताले उपयुक्त र असल नेता, उम्मेदवार र दल कुन ? हो भन्ने बारेमा स्पष्ट भएर मतदान गर्नुपर्छ। आर्थिक रूपमा कमजोर, पावर र पहुँच नभएका इमानदार नेतालाई जनताले नटेर्ने र शक्तिशाली नेतालाई जिताएर पठाउने पछि गएर गाली गर्ने काम जनताबाट हुनु अबका दिनमा राम्रो सुनिने छैन। यदि मतदाता सचेत र जागरूक बनेको खण्डमा जस्तो पायो त्यस्तै पार्टी र उम्मेदवारले चुनाव जित्ने सम्भावना हुँदैन।

दलहरूका घोषणापत्रमा समावेश योजना, प्रतिबद्धता शतप्रतिशत कार्यान्वयन गर्न सम्भव त हुँदैनन्, तर ८० प्रतिशत, ७० प्रतिशत प्रतिवद्धता पूरा गर्न नसके पनि ६० प्रतिशतसम्म पूरा गर्ने अवस्था दलहरूले सिर्जना गर्नुपर्छ। बजेटको आकारसँग बेमेल र अर्थ सम्भावना नै नभएका कुराहरू घोषणापत्रमा उल्लेख गर्नु जायज होइन। व्यवहारमा उतार्न नसकिने र नीतिगत सुनिश्चितता प्रदान गर्न सम्भव नभएका कुराहरू लेखेर जनतालाई झुक्याउनु हुँदैन। जनताले दलहरूको घोषणापत्र पढेर अध्ययन गरेर अव्यावहारिक र असान्दर्भिक योजनामाथि प्रश्न गर्दा राजनीतिक दलहरूलाई नैतिकता र जिम्मेवारीमाथि प्रश्न उठ्छ।

तथ्य र तथ्यांकको आलोकमा उभिएर तयार पारिएका घोषणापत्रले मात्रै जनताको मतलाई सम्मान गर्न सक्छन्। जनताको जागरूकता, सचेतता र खबरदारीले हावादारी, काल्पनिक र स्टन्टबाज, पपुलिस्ट, प्रोपोगान्डा र नचाहिने भाषण गर्नेहरू चुनावमा दण्डित हुन सक्छन्। जुन दलको घोषणापत्र विश्वासिलो र यथार्थपरक छ उसैको पक्षमा मतादान भएमा देश बन्छ। यदि जनता जिम्मेवार, संवेदनशील, जागरूक र प्रश्न गर्ने ल्यागत राख्दैनन् भने नयाँ भनेर अनेक फन्डा गर्नेहरू पनि संसद्मा पुग्न सक्छन्। रिस, झोक, आक्रोश, असन्तोष र क्षणिक आवेगमा जनताले निर्णय गर्नु हुँदैन। राष्ट्रहित र जनताको पक्षमा दीर्घकालीन भलाइका निम्ति एक मतको निक्कै मूल्य रहन्छ।

अन्त्यमा, कुनै पनि आन्दोलनपछि सम्पन्न हुने निर्वाचनले मुलुकलाई शान्ति, स्थिरता र कानुनी शासनको मार्गमा लैजानुपर्छ। तर, यो निर्वाचनले मुलुकलाई थप जटिलतातर्फ लैजाने संकेत देखिन्छन्। खासगरी नयाँ र पुराना भन्ने अराजनीतिक भाष्यले समाजलाई विभक्त र विभाजित बनाइरहेको छ। यसले समाजलाई मुडभेडतर्फ लैजान्छ। स्वस्थ प्रतिष्पर्धा गर्ने र परिणामलाई स्वीकार गर्ने सामर्थ्य सबैमा हुनुपर्छ। चुनाव एक नियमित प्रक्रिया हो। निर्वाचनमा दलका नेताहरूले हार्न सक्लान्, तर, देश र जनताले हार्नु हुँदैन। नेपाली राजनीति आन्तरिक रूपमा मात्रै नभएर छिमेकी देशसँग पनि सहकार्य, समन्वय र सहमतिका माध्ययमबाट स्थिर बन्छ भन्ने कुरा भुल्नु हुँदैन।

जसले सुनामीको धम्की सुनाउँदै छन्, तिनीहरूले इतिहास पढ्नुपर्छ, कुनैबेला माथि भनिएझैँ प्रचण्डको पछाडि यस्तै समर्थनको सुनामी थियो। २०७० सालपछि केपी ओलीको पछि सुनामी थियो। त्यो सुनामीले कसलाई बगायो ? त्यो समर्थनको सुनामीले कसलाई रसालतमा पुऱ्यायो ? भावनामा बगिहाल्ने नेपालीहरूको बानी छ। सामान्य कुराले छोइहाल्छ। राजनीति भावनाको खेल होइन। यो निर्मम र संघर्षशील आन्दोलन हो। जो अनवरत चहिरहन्छ। आज बालेन रवीहरूसँग अपेक्षा राखिरहेको सुनामी समाज हिजो प्रचण्ड र ओलीसँग थियो।

कुन जादु या जीवनबुटी छ, सदियौँदेखि जकडिएको मुलुकलाई आजैकै अवस्थामा प्रियतावादको सुनामीले शासन गर्दा मुलुकको कायापलट गर्छ ? स्वतन्त्र ढंगले भन्दा नेपाली समाजले आज नयाँ र वैकल्पिक भनिएका नेता र दलहरूको नाममा समर्थनको सुनामी छाल सिर्जना गर्ने कुरा देशको निम्ति सन्निकट संकट हो, समाधान होइन। पुराना भनिएका कांग्रेस बिपीको समाजवादको जडतामा छ, एमाले जबजको जडतामा छ। यता नयाँ भनिएकाहरू कुनै पनि समूहसँग देशलाई सञ्चालन गर्ने विचार र सिद्धान्त छैन। आजको निर्मम सत्य यही हो। यसै सत्यलाई आत्मसात गर्नु २१औँ शताब्दिका नेपाली जनताको असल कर्तव्य, दायित्व र जिम्मेवारी हुनेछ।

# नयाँ चुनाव : उम्मेदवारहरूका पुरानै नारा र पुरानै शैली



सरोजदिलु विश्वकर्मा

> करिब ४० वटा राजनीतिक पार्टीहरू गरी ३ हजार ४०० भन्दा बढी प्रत्येक्षमा र ३ हजार ११५ जना समानुपातिक उम्मेदवारहरू चुनावी मैदानमा उत्रिएका छन्। सबैको लक्ष्य संसद्भित्र छिर्नु र राज्यका नीति निर्माता बन्नु रहेको छ। पार्टीहरूको चाहना सरकार बनाउनु र उपल्ला नेताको चाहना प्रधानमन्त्री, मन्त्री बन्नु रहेको छ।

मुलुक यतिबेला नयाँ नेतृत्वका लागि चुनावमा होमिएको छ। सबै पार्टीहरू अहिले आआफ्ना उम्मेदवारहरू लिएर मतदाताहरूको घरदैलोमा पुगिरहेका छन्। जेनजी आन्दोलनबाट स्थापित भएको सुशीला सरकारले जेनजी युवाको चाहनाअनुसार कुनै काम गर्न नसकेता पनि चुनाव गराएर राजनीतिक निकास दिने कामचाहिँ गरेकै मान्नुपर्छ। अझ यो सरकारलाई देशको बोझ निक्कै भारी भइरहेको थियो र त्यो भारी बोक्न नसकेको सरकारले छिटोछिटो चुनाव गराएर बोझ बिसाउन चाहेको छ। त्यसै हुनाले घोषित मितिमा चुनाव होला या नहोला भन्ने शंका हुँदाहुँदै चुनाव हुने करिब निश्चित भइसकेको छ।

अतः पार्टीहरू जितको अन्तिम दौडमा छन् यतिबेला। करिब ४० वटा राजनीतिक पार्टीहरू गरी ३ हजार ४०० भन्दा बढी प्रत्यक्षमा र ३ हजार ११५ जना समानुपातिक उम्मेदवारहरू चुनावी मैदानमा उत्रिएका छन्। सबैको लक्ष्य संसद्भित्र छिर्नु र राज्यका नीति निर्माता बन्नु रहेको छ। पार्टीहरूको चाहना सरकार बनाउनु र उपल्ला नेताको चाहना प्रधानमन्त्री, मन्त्री बन्नु रहेको छ। यही हिसाबकिताबमा उनीहरू हातका औँलाहरू भाँच्दै भोटको आकलन गरिरहेका छन्।

तथापि यो चुनाव खास केका लागि हुन पुगेको हो भन्ने कुरा कुनै पार्टीहरूले पनि हेक्का नराखेको देखिन्छ। अबको संसद्मा खास के उद्देश्यका लागि जाने हो त्यसको बारेमा कुनै पार्टीहरूले खास मार्गचित्र बनाएको पाइँदैन। उनीहरू चुनावपछि केके गर्ने भन्नेमा पनि एकिन छैनन्। टिकट पाइयो, भोट आउँछ, जितिन्छ, सरकार बनाइन्छ मन्त्री-प्रधानमन्त्री बनिन्छ भन्नेमा मात्र सबैको ध्यान खिचिएको देखिन्छ। यसरी पुरानै नारा र शैलीमा उम्मेदवारहरू दौडिरहेका छन्। जबकी उही पुरानै किसिमको पद्धती भएको निर्वाचन त २०८४ सालमा हुनेवाला नै थियो भने २०८२ सालमै चुनाव किन गर्नुपऱ्यो ? नयाँ चुनावपछि के गर्ने भन्ने चिन्ता कसैमा देखिएन।

जेनजी आन्दोलन भ्रष्टाचार र भ्रष्टाचारी नेताविरुद्ध थियो। स्थायी सरकार, सुशासन र सुदृढ लोकतन्त्रका लागि भएको थियो। अझ कर्मचारीमा देखिएको बेथिती, भ्रष्टाचार ढिलासुस्ती, प्रहरी प्रशासनको ज्यादती तिनको गलत प्रयोगका विरुद्ध थियो, जनताले पाउने सहज सेवाका लागि थियो र खासमा तलदेखि माथिसम्मको नेतृत्व शैलीका विरुद्ध थियो। यो संविधान फेल खायो र यसको पुनर्लेखन गरी शासकीय पद्धतीमा आमूल परिवर्तन गर्नुपर्छ भन्ने पनि हो। तर यतिबेला उही नेता, उही पार्टी, उही पद्धती र उही संस्कार बोकेर धेरै उम्मेदवारहरू घरघरमा भोट माग्दै छन्।

कतिले त भदौ २३, २४ को युवा आन्दोलन नै बिर्सिसकेका छन्। कतिलाई पुरानै विरासत जोगाउनु छ त कतिलाई सांसद बनेर धन आर्जन गर्नु छ। कति उम्मेदवारहरू देश र समाज नै नबुझी मौकामा चिठ्ठा परिहाल्छ कि भन्ने होडमा चुनावमा पनि होमिएका छन्। यस्ता नेताहरूबाट जेनजी आन्दोलनको मर्मलाई सम्बोधन हुन सक्दैन। चुनाव जितेपछि तिनीहरूबाट उही पद्धती नै दोहोरिने हो। ती उम्मेदवारहरूले हिजोको राजनीतिक कुन अवस्थामा थियो भोलि के दिनुपर्छ भनेर मतदातालाई कुनै कुरा भन्न सकिरहेका छैनन्।

धेरै उम्मेदवारहरूले मतदातालाई दिने आस्वासन समान खालका छन् - उही सडक बनाउने, पुल बनाउने, रोजगारी दिने, भवन बनाइदिने, शिक्षा, स्वास्थ्य निःशुल्क गर्ने आदि उही पुरानै देखिन्छ। कसैले पनि जेनजी आन्दोलनको यो म्यान्डेट हो र तिनका मुद्दालाई सम्बोधन गर्न संविधान संशोधन गर्नेछौँ। हामी पार्टीहरू फेरि एकचोटी जनताको चाहनाअनुसार संविधानमा छलफल गर्नेछौँ, शासकीय स्वरूप र निर्वाचन पद्धतीमा सुधार ल्याइ राज्यप्रणाली नै बदल्छौँ भनेर कुनै उम्मेदवारले भनेको सुनिएको छैन। उनीहरूले वितरण गरेको अपिल घोषणापत्र वा अनुरोध पत्रहरूमा समेत यी कुरा लेखिएका छैनन्।

कांग्रेस हामी बदलियौँ अब देश बदल्छौँ भनेर नयाँ नेतृत्वसहित निर्वाचनमा होमिएको छ। तर उसले देश यसरी बदल्छौँ, ती युवाका चाहनाहरूलाई यसरी-यसरी सम्बोधन गर्नेछौँ भन्नसकेको छैन। शासकीय स्वरूप, निर्वाचन पद्धती, सुशासन, रोजगारी सिर्जना र मानव आत्मसम्मानको कुनै कुरा गरेकै छैन। देश बदल्नका लागि आधुनिक राज्यप्रणालीको खाका हुनुपर्छ। तर खै ? गत भदौमा भएको विद्रोह यहाँ भइरहने प्रशासनिक झन्झट र नागरिकको आत्मसम्मान उपर प्रहरीहरूको ज्यादतीका कारणसमेत भएको थियो। ती युवाको उत्साहलाई जहिले पनि कुण्ठित गर्ने यो कर्मचारीतन्त्र र हतोत्साही बनाएर विदेश लखेट्ने यो प्रहरी संयन्त्रलाई सुधार्ने प्रणाली पार्टीहरूमा खै के छ ? देखिएन।

एमालेको कुरा नगरौँ। ऊ त नयाँपुस्तालाई बतासेको उपमा दिँदै फेरी पानीजहाज ल्याउने र घरघरमा ग्यासपाइप जोड्ने पुरानै सपना देखाइरहेको छ। नयाँ भएको नेपाल कम्युनिस्ट पार्टीले जेनजीको खास प्रतिनिधि आफू भएको र युवाको मुद्दा उसले नै विगतदेखि नै उठाएको भनेको छ तर उसका उम्मेदवारहरू समेत घरघरमा पुग्दा जेनजी आन्दोलनलाई सम्बोधन गर्ने कुरै गर्दैनन्।

रास्वपामा राप छ ताप छ, मौका पनि छ। त्योभन्दा ज्यादा प्रतिशोध छ। रिस, राग, प्रतिशोधका बीचमा ऊ चुनावमा उत्रिएको छ। उसले खाली पुरानो सत्तालाई देखाइदिन्छौँ भनेर घन्टी बजाइरहेको सुनिन्छ। संविधान पुनर्लेखन गर्छौं, शासकीय स्वरूप परिवर्तन गरेर देशमा स्थायित्व दिन्छौँ, निर्वाचन पद्धतीमा सुधार गरेर समावेशी बनाउँछौँ, रोजगारीका लागि तत्तत् काम गर्छौं र देशलाई यसरी-यसरी समृद्ध बनाउँछौँ भनेर उसका दस्तावेजहरू कहीँकतै बोल्दैनन्, न त तिनका नेताहरूले मतदातालाई यी विषयमा स्पष्ट पार्न सकेका छन्। समावेशी राज्यको कुरा त कसैले गर्नै मान्दैनन्। हिन्दी फिल्मको अन्त्यमा आउने हिरो झैँ खास पात्रलाई उभ्याएर उनीहरू भिडसँग रमाइरहेका छन्।

हाम्रो समाजको सोच अझै वर्गीय छ, जातीय छ अनि शोषणको चिन्तनले भरिएको छ। यस्ता सोच भएका नागरिकका कारण समेत यो देश उँभो नलागेको हो। त्यस्तो खालको सोच र संस्कार बदल्ने कसैमा चिन्ता छैन। अझ पुरानो राजनीतिक प्रणालीले जात र वर्गका नाममा नागरिकहरूमै फाटो ल्याइदिएको छ, नागरिक दायित्वलाई अझ खुम्च्याइदिएको छ। नागरिक दायित्वबिना राज्यको कुनै योजना सफल हुँदैन। नागरिकउपर राज्यको सम्मानसमेत छैन। नागरिक र श्रमजीवीहरूको पार्टी भनिनेहरूले पनि उही थोत्रै कुरा गरेका छन्, पुरानै सपना देखाएका छन्, श्रमजीवीहरूको सम्मान, अवसरको समानता र विधिको शासनका कुरा त गरेकै छैनन्। उनीहरू पनि इँटा, सिमेन्ट र डोजर प्रणालीको मात्र कुरा गर्दै छन्। ए साथी हो, भौतिक संरचनाले मात्र देश बन्दैन, पाखापाखामा डोजर चलाएर समाज बदलिएन। त्यसैले पहिले मानवीय सोच बदल्नु पर्छ, पुरानो संस्कार, विधि र संयन्त्रहरू बदल्नु पर्छ। खै बुझेको ?

यो निर्वाचन विशेष परिस्थितिमा भएको हो भन्ने सत्यलाई उम्मेदवारहरूले बुझ्नुपर्छ। मुलुक शून्य अवस्थामा पुग्दा निकास दिन नयाँ किसिमको नेतृत्व चाहिन्छ भन्ने निष्कर्षमा राष्ट्रपति र नेपाली सेनाको पहलमा यो चुनाव हुन पुगेको हो। निकास भन्नाले उही पुरानै सत्ता वा पुरानै पद्धती होइन, राज्यप्रणाली बदल्दै लोकतन्त्रलाई अझ सुदृढ तुल्याउनका लागि निर्वाचन गर्न लागिएको हो। जबकी पुराना पार्टी, पुराना नेता र पुरानो पद्धतीलाई जेनजी आन्दोलनले भदौ २३-२४ गतै नै मसानघाटमा अन्त्येष्टी गरिसकेको हुनाले अबको सरकार, अबको पद्धती र अबको नेतृत्व शैली नयाँ हुनै पर्छ। त्यो पद्धतिको संसद् र सरकारले जेनजी आन्दोलनको मर्म र भावनाअनुसार प्रथमतः संविधानको पुनर्लेखन गरी राज्यप्रणालीलाई बदल्न सक्नुपर्छ। त्यसले नै लोकतन्त्रलाई समृद्ध बनाउने छ।

## माघ २३ गतेको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | तनाब। | मिथुन | गृह सुख। | सिंह | कष्ट। | तुला | रोग। | धनु | बाधा। | कुम्भ | असन्तोष। |
| वृष | लाभ। | कर्कट | हानि। | कन्या | लाभ। | वृश्चिक | वृद्धि। | मकर | सुख। | मीन | कार्य सम्पन्न। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



■ छाङ्रूमा सहज छैन सशस्त्रको पहरा

# भारी हिउँमा बुट गाड्दै अघि बढ्दै



■ नरेन्द्रसिंह कार्की

दार्चुला । कठोर जाडोकाबीच पनि हतियारसहित गस्तीमा निस्किएका उनीहरू राष्ट्रको सीमालाई सुरक्षित राख्न निरन्तर सक्रिय छन् । भारी हिउँमा बुट गाड्दै अघि बढ्नु सजिलो पनि छैन । प्रत्येक पाइला जोखिमसँग जोडिएको छ । चिप्लो जमिन, हिमपहिरोको सम्भावना र शून्य नजिकैको तापक्रमबीच पनि उनीहरूको कदम रोकिँदैन । दार्चुलाको व्यास गाउँपालिका-१ छाङरूस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्म पुरै हिउँले ढाकिएको छ । चारैतिर सेताम्य पहाड, चिसोले जमेको आँगन र बरफले ढाकिएका छानाबीच सुरक्षाकर्मीको दैनिकी चलिरहेको छ । यस क्षेत्रको तापक्रम माइनस ६ डिग्रीदेखि २३ डिग्री सेल्सियससम्म रहने गरेको छ । हाल गुल्म वरपर करिब डेढ फिट हिउँ जमेको छ । गाउँ पुरै सुनसान छ । बादल लाग्ने बित्तिकै हिउँपर्छ । वरिपरि अग्ला पहाड, टाढा टल्किँदै गरेका हिमालका चुचुरा र चिसो हावाले ठोकिरहेको हुन्छ ।

यो कुनै साहसिक यात्राको दृश्य होइन, यो हिमाली सीमामा खटिएका सुरक्षाकर्मीको दैनिकी हो । सशस्त्र प्रहरी यसरी चिसोमा ज्यानको प्रवाह नगरी सीमा सुरक्षार्थ खटिएका छन् । चिसो र हिमपातसँगै १ महिनादेखि पानी ल्याउने पाइप पूर्णरूपमा बरफ बनेका छन् । पाइपमा पानी आउनै छोडेपछि टिंकर खोलाको पानी प्रयोग गरिरहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० का गुल्मपति फनिन्द्र शाहीले बताए । पाइपमा पानी बरफ भएपछि त्यहीँ खोलाको पानी पिइरहेका छौँ । गुल्मबाट खोला नजिकै छ । चिसोमा कि खोलाको पानी ल्याएर उमालेर खानु कि हिउँ पग्लाएर खानुबाहेक अर्को विकल्प पनि छैन । गुल्मभित्र आगो तापेर शरीर न्यानो बनाउनु यहाँको नियमित काम हो ।

तापक्रम शून्यभन्दा तल झर्दा हातखुट्टा सुन्निने अवस्था आउँछ । त्यसबीच पनि सशस्त्रको सीमा क्षेत्रको गस्ती रोकिएको छैन । प्रहरी नायब उपरीक्षक फनिन्द्र शाही र सशस्त्र प्रहरी निरीक्षक शैलेन्द्र चैसिरको नेतृत्वमा सुरक्षाकर्मी दिनहुँ जोखिम मोलेर सीमा क्षेत्रमा निगरानी गर्ने गर्छन् । उपरीक्षक शाही भन्छन्, 'यो संवेदनशील क्षेत्र हो । हामी त्रिदेशीय सीमाको सुरक्षामा खटिएका छौँ । कालापानी, लिपुलेक र लिम्पियाधुरा यही क्षेत्रमा पर्छन् । नेपाल-चीन सीमा स्तम्भ नम्बर १ पनि यही छ ।' राष्ट्रले दिएको जिम्मेवारी पूरा गर्ने बेला चिसोमा नियमित ड्युटी हुनु सामान्यजस्तै लाग्छ । छाङ्रूजस्तो दुर्गम हिमाली क्षेत्रमा सडक यातायात र पूर्वाधारको अभाव अझै ठुलो चुनौती बनेको छ । स्थानीय मात्र होइन, यहाँ खटिएका सुरक्षाकर्मी पनि आधारभूत सुविधाबाट वञ्चित छन् । रासन ल्याउनसमेत भारतीय परनिर्भरता अझै छ । नेपालतिर सडक बनेको छैन् । नेपाली सेनाले दार्चुला-टिंकर सडकअन्तर्गत ब्याँस-४ तुसरपानीदेखि छांगरु जोड्ने गरी सडक निर्माण गरिरहेको छ । नेपालतर्फबाट अहिले सडक निर्माणको काम दुम्लिङमाथि पुगेको छ । भारतीय क्षेत्रमा सडक भए पनि हिमपातका कारण हाल अवरुद्ध छ । भारतले कालापानी लिपुलेकसम्मै सडक विस्तार गरेको छ । अहिले १ महिनादेखि यो क्षेत्रमा हिमपात र बरफका कारण नियमित यातायात अवरुद्ध भएको हो । भारतीय सुरक्षाकर्मीका लागि भने हेलिकोप्टरमार्फत नियमित रूपमा रासन ढुवानी हुने गर्छ ।

कालापानी क्षेत्रमा दैनिक २ वटा हेलिकोप्टरले सामग्री पुऱ्याउने गरिएको छ । उनीहरूको ब्यारेकमा हिटर, न्यानो कपडा र मौसमअनुसारको सुविधा उपलब्ध छ, तर नेपालतर्फ सडक छैन । पैदलमार्ग सञ्चालनमा आए पनि अहिले हिमपातका कारण बन्द छ । हिउँ पर्नुअघि ओसारिएको रासनमै सशस्त्र प्रहरी निर्भर छन् । सामान्य आवतजावत गर्ने पनि बाटो नहुँदा त्यसको मारमा सुरक्षाकर्मी परेका छन् । 'बुदी दोपाखेसम्म पुग्न नियमित हिउँ पन्छ्याउँदै बाटो खुलाउने प्रयास गरिरहेका छौँ,' डिएसपी शाहीले भने । सशस्त्र प्रहरीले छाङ्रूबाट गागा क्षेत्रतर्फ निरन्तर गस्ती गर्दै आएको छ ।

हिउँ कम भएको बेला कालापानी मुहानसम्म पनि नियमित गस्ती हुने गर्थ्यो तर अहिले बाक्लो हिउँ जमेका कारण माथिल्लो क्षेत्रमा पुग्न सम्भव छैन । नेपाल-भारत दुवैतर्फका सुरक्षाकर्मीको सम्बन्ध सौहार्दरूपमा चलेको छ । केन्द्रमा कालापानी लिपुलेकबारे चर्को नारा लागे पनि सीमामा बस्ने सुरक्षाकर्मी एकआसपमा सीमा अपराधका सूचना आदानप्रदान र नियमित भेटघाट हुनेगर्छ । गत महिना टिंकरमा रहेको सशस्त्र प्रहरीको बिओपी छाङरूमा झारिएको थियो । टिंकर क्षेत्रमा छाङरूभन्दा दोब्बर हिमपात हुने भएकाले सुरक्षाकर्मीलाई तल सारिएको हो । उक्त बिओपीले चीनसँगको सीमा क्षेत्रमा गस्ती गर्दै आएको थियो । १ वर्षअघि मात्रै टिंकरमा बिओपी स्थापना भएको थियो ।

मंसिर लागेसँगै टिंकर गाउँ पूर्णरूपमा सुनसान छ । टिंकर चीनसँग सीमा जोडिएको अन्तिम गाउँ हो । यहाँबाट नेपाल-चीन १ नम्बर सीमा स्तम्भ पर्दछ । छाङरुमा भने केही परिवारको बसोबास अझै छ । वडा-१ का वडाध्यक्ष अशोकसिंह बोहराका अनुसार गाउँको रेखदेखका लागि राइसिंह ऐतवाललाई चौकीदारको जिम्मेवारी दिइएको छ । चोरी-तस्करीजस्ता घटना नहोउन् भनेर वडाले उनलाई ६ महिनासम्म मासिक १५ हजार पारिश्रमिक उपलब्ध गराएर राखेको छ । भारतसँग सीमा जोडिएको यो गाउँ कालापानीभन्दा करिब १० किलोमिटर तल पर्छ । यति हिउँले ढाकिएको अवस्थामासमेत सुरक्षाकर्मीको मनोबल कमजोर भएको छैन । बरफले ढाकिएको गुल्मभित्र आगो ताप्दै सीमाको रक्षा गर्नु उनीहरूका लागि कर्तव्य मात्र होइन, गर्वको विषय बनेको छ ।

डिएसपी शाही भन्छन्, 'यो राष्ट्रले दिएको जिम्मेवारी हो । हामी महिनामा कम्तीमा २ पटक काउन्टरपार्ट बैठक पनि बस्छौँ ।' २०७७ जेठ ७ मा सरकारले भारतले अतिक्रमण गरेको कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको भूभाग समेटेर चुच्चे नक्सा जारी गरेको थियो । त्यसपछि असार २ ९ गते मन्त्रिपरिषद् बैठकले गुल्म स्थापना गर्ने निर्णय गऱ्यो । असोज ९ गते विधिवत् रूपमा छाङरूमा ५० नम्बर गुल्म स्थापना गरिएको हो । भौगोलिक विकटता र कठोर मौसमका कारण यो हिमाली क्षेत्र राज्यका लागि सधैँ चुनौतीपूर्ण र संवेदनशील रहँदै आएको छ ।

### तराईको फाँटदेखि हिमालसम्म सशस्त्रको पहरा

दार्चुलाको लेकम गाउँपालिका-३ लालीदेखि भारत-चीन सीमा जोडिएको व्यास गाउँपालिका-१ सम्म सशस्त्र प्रहरी बलले पछिल्लो समय गस्ती र सुरक्षा उपस्थिति विस्तार गरेको छ । २०७७ सालसम्म सदरमुकाम खलंगामा सीमित रहेको सशस्त्र प्रहरी अहिले लेकमको लालीदेखि ब्यासको टिंकरसम्म फैलिएको छ । चुच्चे नक्सा प्रकाशनसँगै सीमा क्षेत्रमा युनिट थप गरिएको हो । सरकारले खलंगामा ४४ नम्बर गण स्थापना गरी त्यहाँ रहेको ५० नम्बर गुल्मलाई ब्यासको छाङरू-गागा क्षेत्रमा सारिएको थियो । दार्चुलामा नेपाल-भारत जोडिएका १० वटा सीमा नाका छन् । महाकाली नगरपालिका-४ खलंगा, वडा-९ दत्तु, मालिकार्जुन गाउँपालिका-७ जोलजिवी, वडा-६ बाकु, लेकम गाउँपालिका-३ लालीमा नेपाल र भारत जोड्ने सीमा नाका छ ।

यसैगरी, व्यास गाउँपालिका-१ सितापुल, वडा-२ माल, वडा-४ सुन्सेरा मलघट्टे, वडा-५ तिगरम र वडा-६ बडुगाउँमा २ देश जोड्ने सिमानाका छन् । यीमध्ये ब्यास गाउँपालिका-१ सीतापुलमा महाकाली नदीमा काठेपुल राखिएको छ भने बाँकी सबै स्थानमा झोलुंगे पुल बनाइएको छ । चीनसँग जोडिएको टिंकर भञ्ज्याङ लक्षित गरी ब्यास-१ छियालेकमा सशस्त्र प्रहरीको बिओपी स्थापना गरिएको छ ।

४४ नम्बर गणका गणपति गुणराज न्यौपानेका अनुसार भारतसँगका १० नाका र चीनसँगको टिंकर नाका कभर हुने गरी सुरक्षा युनिट परिचालन गरिएको छ । सीमा क्षेत्र हाल जोलजिवीमा प्रस्तावित सीमा सुरक्षा गुल्म सञ्चालनमा छ भने दत्तु र लालीमा बिओपी स्थापना भइसकेका छन् । छाङरूस्थित ५० नम्बर गुल्मअन्तर्गत टिंकर छियालेक र राप्लाको दुम्लिङ बिओपी सञ्चालनमा छन् । सशस्त्र प्रहरीका अनुसार दार्चुलामा भारतसँग १९८ किलोमिटर र चीनसँग ७५ किलोमिटर लामो सीमारेखा रहेको छ ।


## Sunwal Municipality

**Office Of Municipal Executive**

**Sunwal, Nawalparasi**

**Lumbini Province , Nepal**

**Invitation for Bids–(E-bidding only)**

**First Date of publication 6th February, 2026A.D ( 23rd-Magh 2082 B.S)**

1. **Sunwal Municipality Office of Municipal Executive, Sunwal, Nawalparasi** invites**E-bids** from eligible and qualified bidders for the Procurement of the following Projects

| Contract no. | Name of Project | Estimated Amount Excluding VAT NRs. | Bid Security Amount, NRs. | Bid Doc. Fee Nrs. | Bid Submission Deadline | Bid opening Deadline |
|---|---|---|---|---|---|---|
| 29.SUN/ NCB/2082/83 | Pultol Purvo Nala sahitko Sadak Marmat, Pultol Pashim Margh Sadak ra Bishashya Sagarmatha Adhuro Sadak, Sunwal-06 | 1945322.786 | 56000.00 | 3000.00 | 25/11/2082 B.S 09/03/2026 A.D within 12:00 hrs | 25/11/2082 B.S 09/03/2026 A.D within At 13:00 hrs |
| 30.SUN/ SQ/2082/83 | woda karyalaye dekhi Bhadari Uttar sadak starunnati ra Mishrauli Chowk dekhi Krishna Mandir Sadak, Sunwal-11 | 1727881.51 | 50000.00 | 1000.00 | 10/11/2082 B.S 22/02/2026 A.D within 12:00 hrs | 10/11/2082 B.S 22/02/2026 A.D within At 13:00 hrs |
| Second Date of publication 6th February, 2026A.D ( 23rd Magh 2082 B.S) | | | | | | |
| 28.SUN/SQ/ GOODS/2082/83 | Supply and Delivery of Stationary items at Sunwal Municipality | 1237213.86 | 38000.00 | 1000.00 | | |

2. Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp to obtain further information and inspect the bidding documents
3. Bidder should submit their **bid** electronically **.Also submission of signed Letter of Bid , Power of Attorney ,Business Registration and renew certificate for F.Y 82-83 & Tax clearance certificate up to FY 2081/ 82 or Time Extension** must be submitted .
3. Any conditions not covered so far shall be as per FAR 2056 (Latest Revision), Procurement Act 2063, and Procurement Regulation 2064 (Latest amendment).
4. Any amendment in this notice shall be pasted on the notice board of the client's office& PPMO online Portal.
5. **SunwalMunicipality,Office of Municipal Executive** reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.



## Gramthan Rural Municipality

**office of rural municipal executive**

Tetariya, morang

Koshi pradesh, nepal

**Notice for the Letter of Intent**

**First Date of Publication 2082-10-23**

Pursuant to Sub Clause 27.2 and 27.3 of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Lowest EvaluatedSubstantially Responsive Bidder | Bid Price without VAT |
|---|---|---|---|
| G.R/SQ/GOODS/9-082-083 | Supply and Delivery of Medicine to Gramthan Rural Municipality, Tetariya | Setidevi Medicine Suppliers Pvt. Ltd, | 534890 |



## Belaka Municipality

**Belaka Nagar Aspatal**

**Rampur, Udayapur**

**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**First Date of Publication: 2082/10/23 (06-02-2026)**

1. The Belaka Nagar Aspatal invites Open Competitive electronic bids from eligible bidders for the following supply of goods/medicine under following Bidding Procedure:

| S. N. | Contract ID No. | Name of Project | Bid ecurity Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time | Bidding Procedure |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/BNH/GOODS/ NCB/ 2082-083 | Procurement and Supply of Medicines for Nagar Hospital | 4,20,000.00/- | 3,000/- | 09-03-2026, 12:00 | 09-03-2026, 13:00 | National Competitive Bidding (NCB) |
| 2 | 02/BNH/GOODS/ SQ/ 2082-083 | Procurement and Supply of Surgical Equipment for Nagar Hospital | 90,000.00/- | 1,000/- | 22-02-2026, 12:00 | 22-02-2026, 13:00 | Sealed Quotation (SQ) |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at PPMO'S website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Office Chief.**



## उर्लाबारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०८२/१०/२३)**

यस नगपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं | आयोजना/कार्यक्रमको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| URL-Schoolbldng-ward2&9-W-NCB-18-082/83 | Construction of Building of Sunjhoda, Sunpakuwa and Rajghat School, Ward 2 & 9 | DD Construction, Urlabari, Morang | 39,80, 275.73/- |
| URL-kavardhall-Ward6-W-NCB-17-082/83 | Adhuro Badminton Kavard Hall Nirman, ward 6 | DD Construction, Urlabari, Morang | 20,63,858.10/- |

प्रमुख प्रशासकीय अधिकृत



## मेल्लेख गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**विन्धेवासिनी, अछाम**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**Notice For Electronic Bids Only**

**Date of First publication: 2082/10/23 (FEB 06,2026)**

1. Mellekh Rural Municipality,Bindewasini ,Achham invites electronic bids from all Nepalese eligible bidders for the following Construction works under National Competitive Bidding procedures. The details given below .

| S.N | IFB No. | Description Of Works | AACT of Best 3 F/Y Yrs of Last 10 Years | Minimum Work experience of similar size and nature | Bid Capacity | Bid Security Amount | Bid Validity Period/Validity of Security (Days) | Non Refundable Bid document Fee |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MRM/ACHHAM/NCB/ W/R/06/2082-083 | Construction of Mellekh-Chaukhuttay-Saldanda-Thanti-Risidaha-Sanikhet sadak.. | NRs.58.50 Million. | One Road Construction works Value of Nrs 23.30 .Million of single Contract project agreement (Without Vat but including PS). | Nrs 46.60 Million. | Nrs. 15,00,000 | 90/120 | 5000 |

| Last Date & Time For Bid Purchase | Last Date & Time For Bid Submission | Last Date & Time For Technical Bid Opening |
|---|---|---|
| Date:-2082/11/25 Time:-12:00 PM | Date:-2082/11/25 Time:-12:00 PM | Date:-2082/11/25 Time:-13:00 PM |

2. Bidder Shall have Submitted their bid electronically only from PPMO's website www.bolpatra.gov.np/egp. Bidders Submitting their electronically should deposit the cost of Bidding document /Bid security as specified below

| Cash Deposit For Purchase of Bid Document | Cash Deposit For Purchase of Bid Security( Optional if bidders submits Bank guarantee From A class Bank) |
|---|---|
| Bank :- Prabhu Bank<br>Account Name :-Internal Revenue Account.<br>Account Number :-2777090670700148 | Bank :- Prabhu Bank<br>Account Name :- Dharauti khata<br>Account Number :- 2777090670700048 |

3. Pre Bid Meeting Shall be held at Mellekh Rural Municiaplity, Bindewasini , Achham on B.S 2082/11/15.
4. Under the single stage, Two envelope procedure bidder are required to submit simultaneously two separate sealed envelope one containing (i) the technical bid and the other (ii) the price bid ,both in turn enclosed in one sealed envelope as per the provision of ITB.21 of the bidding document . only eligible bidders must follow the key qualification mentioned in bidding document should only participate in bidding procedure. Any amendment in the tender notice shall be posted in the notice board of the Mellekh Rural Municiaplity, Bindebasini ,Achham and PPMO's website www.bolpatra.gov.np/egp . Eligible bidder may further refer Mellekh Rural Municiaplity, Bindewasini ,Achham and PPMO's website www.bolpatra.gov.np/egp for further information.

## काठ/दाउरा लिलाम बिक्रीको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।१०।२३)

यस समूहको स्वीकृत कार्ययोजना अनुसार आ.व. ०८२/८३ उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा विभिन्न लट बनाइ राखिएको **साल गोलिया थान ११६ को ६०८.१५ क्यू.फिट काठ र साल दाउरा ४ चट्टा** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भइ अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**भेडावन सामुदायिक वन उपभोक्ता समूह**
विनयी त्रिवेणी गा.पा. १, नवलपरासी (ब.सु.पू.)
**सम्पर्क नं. ९८६८३३०४१८**

## काठ/दाउरा लिलाम बिक्रीको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।१०।२३)

यस पहेलिभित्ता सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना अनुसार आ.व. ०८२/८३ उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा विभिन्न लट बनाइ राखिएको **सिसौ गोलिया थान १०६ को ३९२.२२ क्यू.फिट र सिसौ दाउरा २ चट्टा** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भइ अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**पहेलिभित्ता सामुदायिक वन उपभोक्ता समूह**
विनयी त्रिवेणी गा.पा. १ र २, नवलपरासी (ब.सु.पू.)
**सम्पर्क नं. ९८५७०८८८९७**

# अमेरिकी टेकबाट टाढिँदै इयु

**एजेन्सी**

ब्रसेल्स। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा फर्किनुअघिसम्म युरोपेली संघ (इयु) ले विदेशी शक्तिमाथिको आर्थिक निर्भरता घटाउने कुरा गर्दा त्यसको मुख्य अर्थ चीन नै मानिन्थ्यो। तर ट्रम्पको पुनरागमनसँगै ब्रसेल्सको ध्यान अब अमेरिकी प्रविधितर्फ केन्द्रित हुन थालेको छ।

व्यापारमा दबाब सिर्जना गर्नेदेखि ग्रिनल्यान्ड कब्जाको धम्कीसम्म ट्रम्पका अभिव्यक्तिहरू तीव्र बन्दै गएपछि, चाहेको खण्डमा उनले युरोपलाई डिजिटल रूपमा ठप्प पार्न सक्ने चिन्ता बढेको छ। ग्रिनल्यान्ड विषयमा ट्रम्प पछि हटेपछि इयुका उच्च अधिकारीहरूले भू-राजनीतिक झड्काप्रति संघ अत्यन्तै असुरक्षित रहेको चेतावनी दिँदै रक्षा, ऊर्जा र प्रविधिमा रणनीतिक आत्मनिर्भरताको आवश्यकता औँल्याउन थालेका छन्।

सन् २०२३ को इयु प्रतिवेदनअनुसार, २७ देशको यो संघ डिजिटल उत्पादन, सेवा, पूर्वाधार र बौद्धिक सम्पत्तिको ८० प्रतिशतभन्दा बढीका लागि विदेशी देशहरूमा निर्भर छ। यही निर्भरता घटाउने प्रयासस्वरूप युरोपले अमेरिकी प्रविधिमाथिको निर्भरता क्रमशः कम गर्न थालेको देखिन्छ। यसको पछिल्लो उदाहरण गत साता देखियो। फ्रान्सले सरकारी कर्मचारीलाई चाँडै जुम वा माइक्रोसफ्ट टिम्सजस्ता उपकरणको सट्टा स्वदेशी विकल्प प्रयोग गर्न निर्देशन दिने तयारी गरेको बतायो। ब्रसेल्सका लागि वास्तविक चेतावनी भने गत वर्ष आएको थियो। वासिंगटनले अन्तर्राष्ट्रिय फौजदारी अदालतका न्यायाधीशहरूमाथि प्रतिबन्ध लगायो।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/२३

यस कम्पनीको मिति २०८२/०९/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी जियो ट्राभल (दर्ता नं. १६५८९२) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/१०/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एयरमोन्ट** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/२३

यस कम्पनीको मिति २०८२/०९/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी जियो इन्भेष्टमेन्ट (दर्ता नं. २६०२९०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/१०/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हाम्रो लगानी** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### जहाँ हुनेछ रोचक...

यस्तै, २०७४ र २०७९ को स्थानीय तह चुनाव जितेर भरतपुर महानगरको मेयर भएकी रेणु दाहाल नेकपाबाट चितवन-३ मा उम्मेदवार बनेकी छिन्। उनीसँग प्रतिस्पर्धा गर्न रास्वपाकी सोविता गौतम पुगेकी छिन्। त्यहाँ कांग्रेसबाट टेकप्रसाद गुरुङ, एमालेबाट शंकरराज थपलिया र राप्रपाबाट दीपक थापा (मगर) उम्मेदवार छन्। २ पटक मेयर भएर विकास निर्माणको कामको श्रेय लिएकी दाहाल र राष्ट्रिय राजनीतिमा अलग्गै पहिचान बनाएकी गौतमबीचको प्रतिस्पर्धा पनि रोचक हुने देखिएको छ।

त्यस्तै, काठमाडौं-५ मा २ हेभिवेट उम्मेदवार चुनावी मैदानमा छन्- कांग्रेसका महामन्त्री प्रदीप पौडेल र एमालेका पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल। यहीँबाट पटक-पटक उम्मेदवार हुँदै आएका पोखरेल र अघिल्लो निर्वाचनमा जित निकालेका पौडेलबीचको प्रतिस्पर्धा पनि पेचिलो हुने देखिएको छ। यहाँ राप्रपाका पूर्वअध्यक्ष कमल थापा पनि उम्मेदवार छन्। नेकपाबाट कल्पना शर्मा र रास्वपाबाट सस्मित पोखरेल उम्मेदवार छन्। ३ अनुभवी र शीर्ष नेतालाई अन्य पार्टीका युवाहरूले दिइरहेको चुनौतीले परिणाम कसको पोल्टामा पार्छ भन्ने आमचासोको विषय बनेको छ।

काठमाडौं-१ को प्रतिस्पर्धा पनि रोचक हुने देखिएको छ। २०७४ र २०७९ को चुनावमा कांग्रेसका नेता प्रकाशमान सिंहसँग झिनो मतान्तरले पराजित रवीन्द्र मिश्र राप्रपाबाट तेस्रो पटक प्रतिस्पर्धा गर्दै छन्। उनको एक प्रतिस्पर्धी रास्वपाकी रञ्जु दर्शना छिन्, जो मिश्रकी पूर्वसहकर्मी हुन्। यहाँ कांग्रेसबाट प्रबल थापा क्षेत्री, एमालेबाट मोहनराज रेग्मी र नेकपाबाट मेनुका भण्डारी उम्मेदवार छन्। यी सबै नयाँ अनुहार हुन्। विगतको अवस्था हेर्दा रास्वपाको ह्विमबाट जोगिन सके मात्रै मिश्रको पक्षमा परिणाम आउन सक्ने आकलन स्थानीय नेता, कार्यकर्ताको छ।

एमाले सचिव राजन भट्टराई काठमाडौं-४ बाट तेस्रो पटक उम्मेदवार बनेका छन्। यसअघि कांग्रेस सभापति गगन थापासँग पराजित हुँदै आएका उनी यस पटक नयाँ प्रतिस्पर्धीहरूसँग मैदानम छन्। उनको प्रतिस्पर्धीका रूपमा कांग्रेसबाट सचिन तिमिल्सिना, नेकपाबाट इन्द्र भुसाल, रास्वपाबाट पुकार बम र राप्रपाबाट डा. सुरेन्द्र भण्डारी छन्। तेस्रो पटक मैदानमा आएका उनको अवस्था के होला ? कांग्रेसले विरासत जोगाउला कि नयाँको उदय होला भन्ने आमचासोको विषय बनेको छ।

### बलिया प्रतिद्वन्द्वीबीच...

भारतीय क्रिकेटर प्रियांक पनि समूह चरणमा नेपालले अप्रत्याशित नतिजा दिन सक्ने क्षमता रहेको बताउँछन्। 'नयाँ बलमा सोमपाल कामी र नन्दन यादव प्रभावकारी छन्। फिल्डिङ उत्कृष्ट छ र प्रतिबद्धता उच्च छ,' उनी भन्छन्। नेपाल समूह चरणमा इटाली र स्कटल्यान्डविरुद्ध जितको सम्भावना राख्छ भने इंग्ल्यान्ड वा वेस्ट इन्डिजमध्ये एक टोलीलाई हराउन सके सुपर-८ मा पुग्ने सम्भावना बलियो हुनेछ।

### कस्ता छन् नेपालका प्रतिद्वन्दी ?

समूह 'सी'मा रहेको नेपालले इंग्ल्यान्ड, वेस्ट इन्डिज, स्कटल्यान्ड र इटालीसँग प्रतिस्पर्धा गर्नेछ। इंग्ल्यान्ड आइसिसीको विश्व वरीयतामा उच्च स्थानमा रहेको टोली हो। वर्तमानमा उसको टी-२० वरीयता तेस्रो स्थानमा छ। यसअघि २ पटक टी-२० विश्वकप जितिसकेका कारण इंग्ल्यान्ड सो समूहमा सबैभन्दा अनुभवी र बलियो टोली हो। यसर्थ, नेपालका लागि इंग्ल्यान्डविरुद्धको पहिलो टी-२० विश्वकप खेल विशेष चुनौतीपूर्ण हुने निश्चित छ।वरीयतामा सातौँ स्थानमा रहेको वेस्ट इन्डिज पनि अनुभवी टोली हो। विगतमा २ पटक टी-२० विश्वकप उपाधि जितिसकेको यो टोली सधैँ अप्रत्याशित क्षमतासहितको देखिन्छ। नेपालले गत सेप्टेम्बरमा यो टोलीसँग टी-२० शृंखला खेलेको थियो। जसमा नेपाल २-१ ले विजयी भयो। यो क्षण नेपाली क्रिकेटका लागि ऐतिहासिक क्षण मानिन्छ। यसर्थ, विश्वकपमा वेस्ट इन्डिजको सामना गर्दा नेपाल त्यही इतिहास दोहोऱ्याउने लक्ष्यमा हुनेछ। अहिलेको वेस्ट इन्डिज विगतजस्तो बलियो छैन। यसर्थ, नेपालले उसलाई राम्रो चुनौती दिन सक्ने क्रिकेट विश्लेषकहरूको आकलन छ।

स्कटल्यान्ड समूहको अर्को चुनौतीपूर्ण टोली हो। वरीयतामा १४औँ स्थानमा रहेको यो टोली औसत र परिणामगत रूपमा मध्यम रूपमा प्रतिस्पर्धा गर्ने गर्छ। विश्वकपमा छनोट नभई बंगलादेश कारबाहीमा परेकाले विश्वकप खेल्न पाएको स्कटल्यान्डसँग नेपाल जितकै लागि खेल्नेछ। नेपाल स्कटल्यान्डभन्दा वरीयतामा २ स्थान तल अर्थात १६औँ स्थानमा छ। यद्यपि, नेपालले स्कटल्यान्डलाई हराउने नेपाली क्रिकेट विश्लेषकहरूको दाबी छ।

यस्तै, इटाली टी-२० विश्वकपका लागि क्वालिफाई हुँदै पहिलो पटक ठुलो प्रतियोगितामा प्रवेश गरेको टोली हो। वरीयताको २७औँ स्थानमा रहेकाले यो टोली अन्यभन्दा तुलनात्मक रूपमा कमजोर मानिएको छ। नेपालको ध्याउन्न पनि इटालीलाई हराएर महत्वपूर्ण २ अंक जोड्ने नै रहनेछ। यी चारै टोलीसँग नेपालले यस विश्वकपमा प्रतिस्पर्धा गर्दै सुपर-८ प्रवेशको मौका खोज्नेछ। नेपाल कम्तीमा स्कटल्यान्ड र इटालीलाई हराएर सुपर-८ मा दाबेदारी पेस गर्न चाहन्छ। बलियो टोली इंग्ल्यान्डले सबै खेल जितेमा नेपाललाई फाइदा पुग्ने देखिन्छ।

नेपालले यसअघि सन् २०२४ मा पनि विश्वकपमा सहभागिता जनाएको थियो। अधिकांश खेलाडी सोही विश्वकप खेलेका नै भएकाले यस पटक अनुभवले पनि काम गर्ने अपेक्षा गरिएको छ। नेपालले समग्रमा तेस्रो पटक विश्वकप खेल्न लागेको हो। नेपालले पहिलो पटक सन् २०१४ र दोस्रो पटक २०२४ मा विश्वकप खेलेको थियो।

## Government of Koshi Province
## Ministry of Physical Infrastructure Development
### Biratnagar

**Notice For Request for Proposal (RFP)**

**Date of Publication: 2082/10/23 (6th February, 2026)**

1. Ministry of Physical Infrastructure Development (MOPID), Koshi Province invites Request for Proposal (RFP) from eligible consulting firms to provide consulting services as mentioned below.

| S. N. | RFP No. | Description of Service | Last date of RFP submission | Date of opening of RFP |
|---|---|---|---|---|
| 1. | MOPID/RFP/ Consultant-04-82/83 | Consultancy For Design Review, Technical and Environmental Assessment for Pre-Approval of Private Sector Hospital Building | Date: 2082/11/10 22nd February, 2026 Time: 17:00 Hrs. | Date: 2082/11/10 22nd February, 2026 Time: 17:05 Hrs.. Place: MOPID, Koshi Province |

2. Interested consultants can obtain RFP document for the above-mentioned service and further relevant information on http://mopid.koshi.gov.np.
3. Bidders shall submit hardcopy only on or before the deadline mentioned.

**Secretary**

## Phalelung Rural Municipality
## Office of Rural Municipal Executive
## Thakepung, Panchthar
### Koshi Province, Nepal

**Notice of E-BID Invitation**

Second Date of Publication: 2082/10/23 (2026/02/06)

1. The Government of Nepal and Phalelung Rural Municipality has allocated funds for the Construction of Road Maintenance and Purchase of Medicine. Bidding is open to all eligible bidders on **bolpatra.gov.np** as per Bidding Documents under NCB for Nepalese Bidders.
2. Phalelung Rural Municipality invites all Bidders with bids firm registered as Construction company for works. Detailed Evaluation and Qualification Criteria are provided in Bid Documents.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents on *bolpatra.gov.np*
4. Pre-bid meeting shall be held at Office of Phalelung Rural Municipality, Thakepung, Phanchthar on 2026/02/13 at 8:00 am.
5. Bidding documents must be submitted **to bolpatra.gov.np** by eligible Bidders upon payment of a non-refundable fee for bid documents in **PRIME COMMERCIAL BANK PHALELUNG** branch to Deposit NRS. 3,000/- for per bid to Account NO. GA.1.1 ANTARIK RAJASWA A/C PHALELUNG GA.PA.(0730100000031200129).
6. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives at the office of Phalelung Rural Municipality, bid bond Guarantee must be valid for a period of 90 **days** after bid opening and must be accompanied by bid security, which shall be **valid for 30 days** beyond the bid validity period. Moreover, bids will not be prevented to be opened in absence of Bidders' representative.
8. If bidders wish to submit the Bid Security in the form of cash, they may deposit on the Account No. GA.3 DHARAUTI PHALELUNG GA.PA (0730100000032100112) in **PRIME COMMERCIAL BANK PHALELUNG** branch.
9. If any amendment takes place, it will be published and if the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. For further information, bidders may contact on 9852684225.
12. The names, identification and further details of the contract are as follows:

| Contract Identification No. | Description of Work | Construction Cost Without VAT | Bid Invitation | Last date of bid submission | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| PHRM/NCB/W/GKB/2082/083-03 | Goruwale-Kattike-Bhaise Road Maintenance and Construction | 8292981.65 | 2026/02/05 0:00 | 2026/02/20 12:00 Noon | 2,50,000.00 | 3,000.00 |

Chief Administrative Officer

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०८१।०३।२१ मा दर्ता भएको **प्रा.लि. नं. ३४०१८८** को **जास्मिन ज्वेलर्स** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८।०८।०८ मा दर्ता भएको **प्रा.लि. नं. २७७८७०** को **अतिशा इको स्टुडियो प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१०।२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७९।०५।१७ मा दर्ता भएको **प्रा.लि. नं. २९८०४०** को **प्राप्ती हेल्थ पोलिक्लिनिक** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७६।११।१३ मा दर्ता भएको **प्रा.लि. नं. २३५२५९** को **ए.एल. ग्लोवल सर्भिस** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## माईग्रेसन प्रमाण पत्र हराएको सुचना

**राष्ट्रिय परिक्षा वोर्डद्वारा जारी गरिएको मेरो +२ को माईग्रेसन प्रमाण पत्र मिति २०८२।०९।१५ गते भैसेपाटी देखि खोकना आउदा हराएकोले फेला पार्ने मानुभावहरुले नजिकको प्रहरी कार्यालयमा वा तल उल्लेखित नम्बरमा सर्म्पक गरिदिन हुन अनुरोध छ।**

**नाम थर** : **अमन थारु**
**ठेगाना** : वानाती बर्दिया हाल : सानो खोकना
**रजिष्ट्रेसन नं** : 803250310094
**सिम्बाल नं** : 22505952
**सम्पर्क नं** : 9748277331


**Malaysia मा रोजगार** **INDAHPACK SDN. BHD.**

पुर्व स्वीकृती मितिः २०८२/१०/२२ चलानी नं. ६०२५१८४० LT No.: 338374

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/Factory Worker | 6 | 0 | काममा दक्ष | 1700 | ६२,५००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ फागुन १ गते (13 Feb., 2026) यस प्रा. लि. को कार्यलय बसुन्धारा, काठमाडौंमा हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। [illegible]

**Relation Employment Service Pvt. Ltd.** Lic. No. 906/067/068
Basundhara, Kathmandu, Nepal, Ph: 4959803, 4960094

**Malaysia मा रोजगार** **Rekal Jaya Security Services Sdn. Bhd.**

पुर्व स्वीकृती मितिः २०८२/१०/२२ चलानी नं. ६०२५१८८३ LT No.: 338369

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 17 | 0 | काममा दक्ष | 1700 | ६२,४००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ फागुन २ गते (14 Feb., 2026) यस प्रा. लि. को कार्यलय बसुन्धारा, काठमाडौंमा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। २) आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा सम्पर्क राख्नुहोला।

**NAAZ OVERSEAS PVT. LTD.** Gov. Lic. No. 1148/073/74
Basundhara, Bikash Nagar Marg, Kathmandu
Tel.: 01-5917495, 5917496, HOTLINE NO : 9801575557
Whatsapp No : 9705159311
Email : contact@naaznepal.com | For Apply kindly visit : www.naaznepal.com

**SAUDI/UAE मा रोजगार** **1. Al Mawarid Recruitment Company, Saudi**

पुर्व स्वीकृती मितिः २०८२/१०/२२ चलानी नं.६०२५१८८७ LT No.: 338411

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labouers | 100 | साधारण | 1000 | ३८,५३५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

**2. Synergy Management LLC, UAE** पुर्व स्वीकृती मितिः २०८२/१०/२२ चलानी नं.६०२५१८८६ LT No.: 338459

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Warehours helpers | 150 | 50 | काममा दक्ष | 1000 | ३९,३६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

**अन्तरवार्ता २०८२ फागुन १ गते (13 Feb., 2026) यस प्रा. लि. को कार्यलय चन्डोल, काठमाडौंमा हुनेछ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**Al Shahid Overseas Pvt. Ltd.** Govt. Lic. No. 1329/074/075
Chandol, Kathmandu, Phone : 01 - 4414440 4443434

# मुगुमा अज्ञात रोगले २०० भन्दा बढी भेडाबाख्रा मरे



■ नन्दबहादुर रोकाया

मुगु । मुगुको सोरु गाउँपालिका-१० र ११ वडामा पछिल्लो १ महिनादेखि फैलिएको अज्ञात रोगले पशुहरू धमाधम मर्न थालेका छन् । सोरु-१० र ११ वडा अन्तर्गतका दही, कोटवाडा, धैन, लोली, तलिवडा, हितवाडा, रोकायावाडा र कोट गाउँमा फैलिएको अज्ञात रोगका कारण २०० भन्दा बढी भेडा र बाख्रा मरेका हुन् । यी २ वडाका बासिन्दाको मुख्य पेसा नै भेडा र बाख्रापालन भएकाले रोगका कारण पशुचौपाया मरेपछि स्थानीय किसान चिन्तामा परेका छन् ।

स्थानीय युवा तथा नेपाल किसान महासंघ कर्णाली प्रदेशका उपाध्यक्ष रत्नलाल देवकोटाका अनुसार यी २ वडामा करिब १ हजार ५०० देखि २ हजारसम्म भेडा र बाख्रा रहेका छन् । उनका अनुसार दैनिक रूपमा पशु मर्न थालेपछि गाउँमा त्रासको अवस्था सिर्जना भएको छ । संक्रमित पशुको फोक्सोमा पिप जम्ने, शरीरभरि पानीका फोका देखिने, कपाल सुन्निने, दिसा गनाउने, दुब्लाउँदै जाने, खोकी लाग्ने तथा लुतो लाग्ने जस्ता लक्षण देखिएको किसानहरूले जानकारी दिएका छन् ।

स्थानीय किसान रतन मल्लले आफूसँग रहेका ८० भेडामध्ये १० वटा मरेको बताए । अर्का किसान पुन्न मल्लका अनुसार ६० भेडामध्ये ९ वटा रोगका कारण मरेका छन् । त्यस्तै, बाख्रा किसान काइचन्द्र देवकोटाका १५० बाख्रामध्ये २० वटा मरेका छन् ।

यसैगरी स्थानीय प्रदीप प्याकुरेलका ४५ मध्ये १० वटा, परेकलाल जैसीका ५० मध्ये ६ वटा र कबे जैसीका ४० मध्ये ७ वटा बाख्रा मरेका छन् । वडाका १०० भन्दा बढी किसानका भेडाबाख्रा मरेको स्थानीयले बताएका छन् । पशु मृत्युदर बढ्दै जाँदा किसानहरूको पेसा र आर्थिक अवस्था नै संकटमा परेको छ ।

किसानहरू परिवार कसरी पाल्ने र छोराछोरीको पढाइलाई कसरी निरन्तरता दिने भन्ने चिन्तामा छन् । स्थानीय किसान देवीभक्त प्याकुरेलले अहिलेको अवस्था इतिहासकै पीडादायी बनेको बताए । उनले भने, 'रोगका कारण कति रुनु, कहाँ जानु, दिनदिनै बाख्रा मरेर सखाप भइरहेका छन् ।' यति ठुलो क्षति हुँदासमेत सोरु गाउँपालिकाको पशु स्वास्थ्य शाखा र जिल्ला पशु सेवा कार्यालयले चासो नदेखाएको स्थानीयको गुनासो छ । उनीहरूले तत्काल पशु चिकित्सकसहितको प्राविधिक टोली परिचालन गरी रोगको पहिचान, नियन्त्रण तथा पीडित किसानलाई राहत उपलब्ध गराउन माग गरेका छन् ।

# नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी सुरु

■ सौर्य समाचार

काठमाडौँ । नेपालको निर्माण क्षेत्रको विकासमा केन्द्रित 'नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी'को ११औँ संस्करण बिहीबारदेखि सुरु भएको छ । २५ माघसम्म सञ्चालन हुने प्रदर्शनीको काठमाडौँको भृकुटीमण्डपमा औपचारिक उद्घाटन गरिएको हो । निर्माण क्षेत्रसँग सम्बन्धित स्वदेशी तथा विदेशी प्रविधि, सामग्री र सेवाहरूलाई एउटै मञ्चमा प्रस्तुत गर्ने उद्देश्यका साथ आयोजना गरिएको यस प्रदर्शनीमा ३०० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डको सहभागिता रहेको छ । प्रदर्शनी स्थलमा २०० भन्दा बढी स्टलमार्फत निर्माण उद्योगका नवीनतम सेवा तथा सामाग्रीहरू प्रदर्शन गरिएको छ ।

मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचर एक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिको संयुक्त आयोजनामा सम्पन्न हुँदै आएको नेपाल बिल्डकनले विगत १ दशकभन्दा लामो समयदेखि नेपाली निर्माण उद्योगलाई आधुनिक प्रविधि र अन्तर्राष्ट्रिय अभ्याससँग जोड्दै आएको छ । प्रदर्शनीले स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नुका साथै अन्तर्राष्ट्रिय बजारमा प्रचलित नयाँ प्रविधि र सेवाहरू नेपाली बजारमा भित्र्याउने काम गर्दै आएको छ ।



प्रदर्शनीमा आर्किटेक्चरल हार्डवेयर, एल्युमिनियम एक्स्ट्रुजन, मार्बल, टाइल्स, सेनेटरी वेयर, मोड्युलर तथा आधुनिक किचन, रुफिङ, क्ल्याडिङ, लिफ्ट, एलिभेटर, एस्केलेटर, ढोका-झ्याल, फ्लोरिङ, वाल कभरिङ, ग्लास ग्लेजिङ, पाइप तथा प्लम्बिङ सामग्री, कन्स्ट्रक्सन केमिकल, पिभिसी तथा युपिभिसी प्रोफाइल, ब्याट्री, जेनेरेटर, सिमेन्ट र स्टिललगायत निर्माण क्षेत्रसँग सम्बन्धित सम्पूर्ण सामग्री तथा सेवाहरू समेटिएका छन् । निर्माण व्यवसायी, आयातकर्ता, उत्पादक, वितरक, सेवा प्रदायक, आर्किटेक्ट, इन्जिनियर, डिजाइनर तथा घर-भवन निर्माण योजना बनाइरहेका व्यक्तिहरूका लागि प्रदर्शनी अत्यन्त उपयोगी हुने अपेक्षा गरिएको छ ।

# दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि समायोजन गर्न निर्देशन

■ सौर्य समाचार

काठमाडौँ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोग्य वस्तुमा देखिएको अस्वाभाविक मूल्यवृद्धि समायोजन गर्न उत्पादक, पैठारीकर्ता र वितरकलाई निर्देशन दिएको छ । विभागले बजारमा अनावश्यक मूल्यवृद्धि नियन्त्रण गरी प्रतिस्पर्धी र स्वच्छ बजार व्यवस्था कायम गर्न निर्देशन दिएको हो ।

विभागले खाद्यान्न तथा तेल उत्पादन गर्ने प्रमुख उत्पादक, प्रमुख पैठारीकर्ता र वितरकहरूलाई बोलाई अनुचित नाफा नलिई आफ्ना वस्तु वा सेवा उपलब्ध गराउन तथा अस्वाभाविक मूल्यवृद्धिलाई समायोजन गरी उपभोक्तालाई राहत दिन निर्देशन दिइएको छ । पछिल्लो समय खानेतेल, ग्यास, चामललगायत अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा अस्वाभाविक मूल्यवृद्धि र आपूर्तिमा कमी आएको भन्दै उपभोक्ता तह तथा सार्वजनिक सञ्चारमाध्यमबाट आएका गुनासाप्रति गम्भीर ध्यानाकर्षण भएको विभागले जनाएको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ अनुसार उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न विभाग निरन्तर प्रयत्नशील र प्रतिबद्ध रहेको विभागले स्पष्ट पारेको छ ।


**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्रीमान अजिल हकिम तथा श्रीमति अजिवन खातुनको छोरा, श्रीमति विवि ओकिलाको श्रीमान, कोशी प्रदेश, सुनसरी जिल्ला, कोशी गाउँपालिका वडा नं. ४ स्थायी बस्ने श्रीमान अजावुल मियाको मिति वि.सं. २०८२/०७/१८ गतेका दिन मृत्यु भएकोले निजको यस बैंकमा रहेको बचत खाता नं. ०१००१११७००००६९४ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमति विवि ओकिलाले मिति २०८२/१०/०७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सानिमा बैंक www.sanimabank.com

इनरुवा शाखा, सुनसरी, फोन : ०२५-५६६७४७/४८/४९


# महालक्ष्मीद्वारा विभिन्न सामाजिक कार्यक्रमहरू सम्पन्न



काठमाडौँ । महालक्ष्मी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ । वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण/सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार कार्यजस्ता विभिन्न क्षेत्रहरूमा बैंकले उक्त कार्यक्रम सम्पन्न गरेको हो ।

सोहीअन्तर्गत बैंकले लायन्स क्लब अफ काठमाडौँ गुराँससँगको सहकार्यमा गन्धकुटी विहार खोकनामा बृहत् स्वास्थ्य शिविर सञ्चालन गर्न आर्थिक सहयोग गरेको छ । स्तन क्यान्सर, सर्भिकल क्यान्सर, कोलोन क्यान्सरजस्ता क्यान्सर रोगको पहिचान, मधुमेह तथा थाइराइड रोगको पहिचान र साधारण स्वास्थ्य परीक्षण तथा दन्त परीक्षण कार्यका लागि आर्थिक सहयोग गरेको हो ।

त्यसैगरी सवारी दुर्घटना न्यूनीकरण, सवारी व्यवस्थापन, सडक फुटपाथ तथा विभिन्न स्थानहरूमा जथाभावी रूपमा अव्यवस्थित पार्किङ समस्या समाधान गर्न ट्राफिक प्रहरी वृत्त, महाराजगन्ज, काठमाडौँसँगको सहकार्यमा विभिन्न ट्राफिक संकेतहरू रहेको रोड फर्निचरहरू हस्तान्तरण गरिएको छ । बैंकको सहयोगमै हुम्लाको अदानचुली गाउँपालिकाका १ देखी ६ वडा सम्मका व्यक्तिहरूलाई सिलाइ मेसिन वितरण गरिएको छ । त्यसैगरी भानुपथ, सिदार्थनगर-९, रूपन्देहीमा रहेको भानु माध्यमिक विद्यालयको खेलमैदान निर्माण गर्नका लागि बैंकको भैरहवा शाखा कार्यालयमार्फत आर्थिक सहयोग गरेको छ ।


**Kuwait मा रोजगार**

1. Yohji General Trading Company
पुनः विज्ञापन, पुर्ब स्वीकृति मिति: २०८१/११/२१ चलानी नं.:६०२३४०२९ LT No. 319873

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Light Driver GCC | 5 | 0 | काममा दक्ष | 150 | ७०,७००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Pastry Chef | 5 | 0 | | 160 | ७५,४१०।- | | | | | | | |
| ३. | Restaurant Service Crew | 21 | 9 | | 125 | ५८,९१५।- | | | | | | | |
| ४. | Restaurant Worker | 15 | 0 | | 100 | ४७,१३०।- | | | | | | | |

2. Al-Qurain Automotive Trading Co. पुनः विज्ञापन, पुर्ब स्वीकृति मिति: २०८१/७/२१ चलानी नं.:६०२४७०७७ LT No. 333404

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Automotive Technician | 21 | 0 | काममा दक्ष | 140 | ६५,९९०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Automotive Worker (Indoor) | 21 | 0 | | 90 | ४२,४२०।- | | | | | | | |
| ३. | Heavy Vehicle Driver | 5 | 0 | | 150 | ७०,७००।- | | | | | | | |
| ४. | Security Guard (Male) | 7 | 0 | | 125 | ५८,९१५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | [illegible] |

अन्तरवार्ता २०८२ फागुन १ गते (13 Feb., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Abiz Global Pvt. Ltd. Govt. Lic. No. : 1629/080/81
Samakhusi, Kathmandu, Tel.: 01-4973555, 4973255, 9802370733, 9802360733
9851350733, Email : cv.abizglobal@gmail.com, Web: www.abizglobal.com.np


## इच्छाकामना गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन

चितवन जिल्लाको इच्छाकामना गाउँपालिकाको वडा नं. ४ मा पर्ने त्रिशुली खोलाको बगर, वडा नं. ६ मा पर्ने रिग्दी खोलाको बगर तथा वडा नं. ७ मा पर्ने खगेरी खोला, रानीभोटी खोला र स्याङ्दी खोलामा पर्ने बगर क्षेत्रबाट ढुंगा, गिट्टी तथा वालुवा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाईको सूचना

इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन, बाग्मती प्रदेश, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन |
| प्रस्तावको व्यहोरा | चितवन जिल्लाको इच्छाकामना गाउँपालिका वडा नं. ४ मा पर्ने त्रिशुली खोलाको बगर, वडा नं. ६ मा पर्ने रिग्दी खोलाको बगर तथा वडा नं. ७ मा पर्ने खगेरी खोला, रानीभोटी खोला र स्याङ्दी खोलामा पर्ने बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा वालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने। |
| प्रभाव पार्न सक्ने क्षेत्र | चितवन जिल्ला, इच्छाकामना गाउँपालिका वडा नं. ४, ६ र ७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको स्थानिय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालासँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

स्थान : वडा न ६ को कार्यालय मिति २०८२ फाल्गुन ४ गते सोमबार

स्थान : वडा न ७ को कार्यालय मिति २०८२ फाल्गुन ५ गते मंगलबार

समय : ११ बजे

## भोक्राहा नरसिंह गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### चिरौली, सुनसरी
### कोशी प्रदेश, नेपाल

**स्वीकृत गर्ने आशयपत्रको सूचना**

**(सूचना प्रकाशन मिति २०८२।१०।२३)**

यस भोक्राहा नरसिंह गाउँपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८२।०८।१५ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बिधुतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| क्र.सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | BNRM/CS/NCB/WORKS/ROAD/DRAINAGE-05/082/083 | चिरौली चौक देखि प्रकाशपुर नहर सम्म सिचाई सहित को नाला निर्माण ( सुकसेना नहर देखि मुसहरी टोल हुदै चिरौली प्रकासपुर जाने बाटोमा नाला निर्माण र महेन्द्र राजमार्ग देखि उत्तर भोक्राहा नरसिंह गाउपालिका वडा न. ४,१,२, न. वार्ड कार्यालय अगाडी हुदै अकाहा बजार बाट प्रकाशपुर चिरौली सडक जोड्ने सडक नाला सहित कालोपत्रे निर्माण ) | श्री बि एण्ड बि कन्स्ट्रक्सन, देवानगंज सुनसरी | रु.१,१२,४६,९५२।४३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Chhayanatah Rara Municipality
### Office of The Municipal Executive
### Gamgadhi, Mugu
### Karnali Province

**Invitation for E-Bids**

**( Date of publication : 2082-10-23 )**

1. Chhayanath Rara Municipality invites electronic bids form Nepalese bidders for the construction of following project in Chhayanath Rara Municipality, Mugu. Under National Comperative Bidding procedure. The name and identification of the contract are as follows.
2. For more information please visit PPMO e-GP System www.bolpatra.gov.np/egp or contact Chayanath Rara Municipality, Office , Mugu, Phone : 087-460253 & 9858322618.

| S. N. | Description of work | Contract Identification No | Estimated Cost ( With VAT & PS ) | Cost Of Bidding Document-(NRS). | Bid Security Amount Nrs. | Last date of Submission of Bids. | Bid Opening date | Validity for bid Security |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Roba Khola Motorable Bridge, Chhayanath Rara Municipality-10 & 11, Mugu. | CRM/NCB/W/MB/14/082-083. | - | 5,000.00 | 10,80,000 | 2082/11/24 12:00 PM | 2082/11/24 13:00 PM | 2083/02/21 |

**Chief Administrative Officer**

# मुक्तिनाथमा स्की प्रतियोगिता हुँदै, सुरु भयो प्रशिक्षण



■ सौर्य समाचार

मुस्ताङ। जिल्लास्थित वारागुङ मुक्तिक्षेत्रमा सेताम्मे हिउँमा खेलिने स्की प्रतियोगिताको तयारी सुरु गरिएको छ। नेपाल स्की संघको आयोजनामा यही २४ माघमा मुक्तिनाथमा पाँचौँ राष्ट्रिय स्की प्रतियोगिता हुन लागेको हो। हिउँमा खेलिने स्की खेलको विकास तथा प्रवर्द्धन गर्दै पर्यटन विकासमा योगदान पुऱ्याउने उद्देश्यले स्की संघले सन् २०१६ देखि स्की प्रतियोगिता सञ्चालन गर्दै आएको छ। पहिलोपटक रसुवाको क्यान्जेन भ्यालीबाट सुरु भएको प्रथम राष्ट्रिय स्की प्रतियोगित त्यसपछिका संस्करण मुस्ताङको मुक्तिनाथ क्षेत्रमा हुँदै आइरहेको छ। मुस्ताङमा सन् २०१९, सन् २०२० र सन् २०२२ मा स्की प्रतियोगिता सम्पन्न भएको थियो। पाचौँ राष्ट्रिय स्की प्रतियोगिताका लागि काठमाडौँबाट खेलाडी तथा अफिसियल टोली मुस्ताङ आइसकेका छन्। टोलीले बुधबार मुक्तिनाथ क्षेत्रमा स्की खेल खेलाउनका लागि 'ग्राउन्डलुप' निर्माण गरिसकेका छन्।

मुस्ताङ स्की संघका अध्यक्ष सुरज गुरुङले स्की खेल तथा प्रतियोगिताका लागि बिहीबारदेखि तालिम प्रशिक्षण सुरु भइसकेको जानकारी दिए। बिहीबार जुनियर स्की खेलाडीका लागि प्रशिक्षण दिइँदै छ भने आज सिनियर खेलाडीलाई तालिम दिने कार्यक्रम रहेको उनले बताए। अध्यक्ष गुरुङका अनुसार २४ माघ (शनिबार)मा राष्ट्रिय स्की प्रतियोगिता आयोजना गर्ने कार्यतालिका रहे पनि मौसमको अवस्था हेरेर यसको कार्यतालिका तय गरिने छ। हिउँमा खेलिने साहसिक खेल स्की प्रतियोगिताका लागि १४ पुरुष र १० जना महिला खेलाडी सहभागी हुनेछन्। यसैगरी मुस्ताङबाट पनि नेपाली सेनाबाट केही खेलाडीले भाग लिने आयोजकले जनाएको छ।

पाँचौँ राष्ट्रिय स्की प्रतियोगिताका लागि नेपाल ओलम्पिक कमिटी एवं नेपाल स्की संघका अध्यक्ष जीवनराम श्रेष्ठ र नेपाल स्की संघका महासचिव विजय श्रेष्ठलगायत टोली मुस्ताङ आउँदै छन्। सिनियर प्रशिक्षक स्वराज श्रेष्ठ, सहायक प्रशिक्षक दिनेश बोहरा, समिप लामिछाने, लक्ष्मी राई, आयुसी महर्जन र शारीरिक प्रशिक्षक बिमन्थ अधिकारीलगायतले खेलाडीलाई प्रशिक्षण दिने संघका अध्यक्ष गुरुङले जानकारी दिए। यसपटकको प्रतियोगितामा अल्पाइन स्कीअन्तर्गत स्लालोम स्की र ज्यान स्लालोम स्की विधि समेटिएको नेपाल स्की संघका महासचिव श्रेष्ठले जानकारी दिए। प्रतियोगिताका विजेतालाई स्वर्ण, रजत र कास्य पदकसहित पुरस्कृत गरिने उनले बताए। प्रतियोगिताका लागि मुस्ताङ आएका खेलाडी तथा अफिसियलको सम्पूर्ण आवास, खाजाखाना र यातायाता खर्च नेपाल स्की संघले बेहोर्ने महासचिव श्रेष्ठले जनाए।

सन् २०२२ पछि आयोजना हुन नसकेको स्की प्रतियोगिता जारी याममा मुक्तिनाथ क्षेत्रमा हिमपात भएपछि आयोजना गर्न सम्भव भएको हो। जारी याममा मुक्तिनाथ क्षेत्रमा ४ पटक हिमपात भएको छ। बन्दोबस्तीका पोसाक र उपकरण प्रयोग गरी हिउँमा चिप्लेटी खेलिने खेललाई स्की प्रतियोगिता भन्ने गरिएको छ। विकसित मुलुकमा कृतिम हिउँमा यसप्रकारको खेल खेलाइने भए पनि नेपालमा स्रोतसाधन नहुँदा प्रतियोगिता सञ्चालन गर्न समस्या हुँदै आएको संघले जनाएको छ। नेपाल स्की संघले हिउँदयामको मौसममा प्राकृतिमा हिउँ परेको समय पारी स्की प्रतियोगिता सञ्चालन गर्दै आएको छ। मुक्तिनाथ क्षेत्रको सेताम्मे हिउँमा स्की खेलको रौनक सुरु भएपछि पर्यटक तथा स्थानीय नागरिकमा उत्साह छाएको छ। हिउँमा खेलिने स्की खेलको माध्यमबाट बेमौसमको पर्यटन घाटालाई कम गर्ने विश्वास गरिएको छ। यस प्रकारका हिउँमा खेलिने खेललाई राज्य पक्षले उच्च प्राथमिकता राख्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन्।

# अभ्यास खेलमा नेपालको लगातार दोस्रो जित




■ सौर्य समाचार

काठमाडौँ। आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको तयारीमा रहेको नेपालले अभ्यास खेलमा लगातार दोस्रो जित निकालेको छ। बिहीबार दोस्रो अभ्यास खेलमा पनि नेपाल विजयी भएको हो। सो खेलमा नेपालले क्यानडालाई ६ विकेटले पराजित गरेको हो। भारतको चेन्नाइमा भएको अभ्यास खेलमा क्यानडाले नेपाललाई जितका लागि १६२ रनको लक्ष्य दिएको थियो। नेपालले उक्त लक्ष्य १८औँ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो।

नेपालका लागि प्रारम्भिक ब्याटर आशिफ शेखले अर्धशतकीय पारी खेले। उनले २९ बलमा ६ चौका र ३ छक्काको मद्दतमा ५८ रनको योगदान दिए। त्यसैगरी सन्दीप जोराले ४४, गुल्शन झाले ३१, कुशल भुर्तेलले १२ तथा दीपेन्द्रसिंह ऐरीले ९ रन बनाए। बलिङतर्फ क्यानडाका जसकरण सिंह र अजयवीर हुँडालले १-१ विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको क्यानडाले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १६१ रनको योगफल बनाएको थियो।

क्यानडाका लागि ओपनर नवनीत धलिवालले सर्वाधिक ४१ रनको योगदान दिए। उनले ३६ बलमा १ चौका र ३ छक्का हाने। त्यस्तै श्रेयस मोभाले १९ बलमा २ चौका र ३ छक्कासहित ३८, कनवारपुल ताथगुरले २५ तथा जसकरण सिंहले २१ रन बनाए। बलिङतर्फ नेपालका लागि सन्दीप लामिछाने र कुशल भुर्तेलले २-२ तथा सोमपाल कामी र नन्दन यादवले १-१ विकेट लिए। यसअघि पहिलो अभ्यास खेलमा नेपालले युएईलाई ७ विकेटले पराजित गरेको थियो।

# त्रिविलाई दोहोरो उपाधि

■ सौर्य समाचार




काठमाडौँ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा तेस्रो विश्वविद्यालय खेलकुद प्रतियोगिता धुलिखेलस्थित काठमाडौँ विश्वविद्यालयमा बिहीबारदेखि सुरु भएको छ। काठमाडौँ विश्वविद्यालय र नेपालय इन्टरनेसनल प्रालिको सहआयोजना तथा केआइइस एजुकेसन कन्सल्टेन्सीको प्रायोजनमा भइरहेको प्रतियोगितामा एथलेटिक्स, ब्याडमिन्टन, टेबलटेनिस, बास्केटबल (थ्री बाइ थ्री) र भलिबल गरी ५ खेल समावेश छन्। २ दिने प्रतियोगितामा विभिन्न ९ विश्वविद्यालयबाट २७९ खेलाडी सहभागी छन्। भलिबलमा भने छात्रतर्फ मात्र प्रतिस्पर्धा हुनेछ। विश्वविद्यालयमा अध्ययनरत २८ वर्षमुनिका विद्यार्थीलाई लक्षित गरिएको प्रतियोगितामा १९ स्वर्ण, १९ रजत र २७ कास्य पदकका लागि प्रतिस्पर्धा भइरहेको छ।

थ्री अन थ्री बास्केटबलमा त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले दोहोरो उपाधि जितेको छ। त्रिवि पुरुष/महिला दुवैमा च्याम्पियन बनेको हो। पुरुषको फाइनलमा त्रिविले पूर्वाञ्चाल विश्वविद्यालयलाई २१-९ ले पराजित गऱ्यो। महिलाको उपाधि भिडन्तमा त्रिविले काठमाडौँ विश्वविद्यालयलाई १५-४ ले हरायो। पुरुषमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालय तथा महिलामा पूर्वाञ्चलले तेस्रो स्थानमा चित्त बुझाए। टेबलटेनिसको पुरुष सिंगल्समा त्रिविका हिमाल विष्ट र सुजन गडाला, पूर्वाञ्चल विश्वविद्यालयका श्रृजल सुवाल तथा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका आयुश बम सेमिफाइनलमा पुगे। सोही स्पर्धाको महिलामा त्रिभुवनकी वियंका राई र योङ्गी पौडेल तथा काठमाडौँ विश्वविद्यालयका आस्मा पाण्डे र स्वस्ती प्रधानले सेमिफाइनल यात्रा तय गरे।

ब्याडमिन्टनको पुरुष सिंगल्समा त्रिविका क्षितिज खनाल, नरेन्द्र बम, त्रिविकै दिप्रिस वज्राचार्य र काठमाडौँका श्रीलंकाली थनु सिक्का गुना ओर्डेना सेमिफाइनलमा पुग्न सफल भए। त्यसै स्पर्धाको महिलामा त्रिविकी रशिला महर्जन र भुवन खेडान तथा काठमाडौँकी प्रसुना खत्री र विपिकाले सेमिफाइनलमा स्थान बनाए। पुरुष भलिबलमा काठमाडौँले लुम्बिनी बुद्ध विश्वविद्यालयलाई ३-१, मध्यपश्चिम विश्वविद्यालयले सुदूरपश्चिमाञ्चललाई ३-० तथा त्रिविले गण्डकी विश्वविद्यालयलाई ३-० ले पराजित गर्दै सेमिफाइनलमा पुगे। पूर्वाञ्चलले कृषिलाई ३-१ ले हराउँदै क्वाटरफाइनलमा पुग्यो।

# प्रधानमन्त्री कपमा बैतडी विजयी

■ सौर्य समाचार

बैतडी। सचिन भट्टको उत्कृष्ट बलिङको मद्दतमा बैतडी प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेश छनोटमा लगातार जित हासिल गरेको छ। फाप्ला क्रिकेट मैदानमा बिहीबार भएको खेलमा बैतडीले बझाङलाई ८ विकेटले पराजित गरेको हो। यसअघि पहिलो खेलमा बैतडीले दार्चुलालाई १२८ रनले हराएको थियो। बैतडीले पाएको ६१ रनको झिनो लक्ष्य ८.३ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो। बैतडीका लागि नरेन भट्टले अविजित ३१ र गजेन्द्र बोहराले अविजित १६ रन बनाए। बलिङतर्फ बझाङका सुशील रावलले १ विकेट लिए।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको बझाङको पारी १२.२ ओभरमा ६० रनमा समेटियो। बझाङका लागि अभिनाश सिंहले १९ र निराजन रावलले १६ रन बनाए।

# बक्सर चन्द्र सम्मानित



■ सौर्य समाचार

काठमाडौँ। एक्स मकाउ बक्सिङ ग्रुपले आइवा पुरुष विश्व बक्सिङ च्याम्पियनसिपमा ऐतिहासिक कास्य पदक जितेका चन्द्रबहादुर थापालाई बुधबार नगदसहित सम्मान गरेको छ। सोही अवसरमा उक्त प्रतियोगितामा क्वाटरफाइनल यात्रा तय गरेका लालप्रसाद उप्रेती पनि नगदसहित सम्मानित भएका हुन्। डिसेम्बर ३ देखि १३ तारिखसम्म दुबईमा भएको उक्त प्रतियोगिताको पुरुष ५४ केजीमा चन्द्रले कास्य पदक जितेका थिए। विश्व बक्सिङ च्याम्पियनसिपमा पदक जित्ने चन्द्र एक्लो नेपाली बक्सिङ खेलाडी हुन्। उनले ३ राष्ट्रका खेलाडीलाई हराउँदै सेमिफाइनल यात्रा तय गरेका थिए।

चन्द्रले ३० हजार र लालबहादुर २० हजार रुपैयाँ पुरस्कार पाए। पुरस्कार राशिका लागि एक्स मकाउ बक्सिङ ग्रुपका संयोजक तेजबहादुर चन्दले समन्वय गरेको नेपाल बक्सिङ महासंघका सचिव पुष्करराज पन्तले जनाए। सोही अवसरमा प्रशिक्षकत्रय बक्सिङका मुख्य प्रशिक्षक प्रकाश थापा मगर, दीपक महर्जन र सुजित पुनलाई प्रशंसा पत्रसहित सम्मान गरिएको थियो। उनीहरूलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहता, नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवाले, महासचिव मानबहादुर भण्डारीलगायतले एक कार्यक्रमबीच सम्मान गरे।

# एक्सेल्सियर र काष्ठमण्डपका समान ३ टोली उपाधिनजिक

■ सौर्य समाचार



काठमाडौँ। आयोजक दि एक्सेल्सियर स्कुल र काष्ठमण्डप विद्यालयका समान ३-३ टोली १२औँ एक्सेल्सियर कपमा बिहीबार फाइनलमा प्रवेश गरेका छन्। ब्वाइज फुटसलको यु-९ र यु-१३ तथा बास्केटबलको सिनियर गर्ल्समा एक्सेल्सियर फाइनलमा पुग्यो। काष्ठमण्डपको यु-९, यु-११ र यु-१३ उमेरसमूहको ब्वाइज फुटसल टोलीले फाइनलमा स्थान पक्का गऱ्यो। यु-९ मा काष्ठमण्डपले कोहिनुरलाई ५-० गोलले सहजै पराजित गऱ्यो। विजेताका अनय रेग्मीले ह्याट्रिक पूरा गरे भने सूर्यान्श सुवेदी र स्लोक रिमालले समान १-१ गोल थपे। फाइनलमा काष्ठमण्डपको भेट आयोजक एक्सेल्सियर (रातो) सँग हुनेछ। एक्सेल्सियर (रातो) ले आफ्नै निलो टोलीलाई १-० गोलले हराएको थियो।

यु-११ मा काष्ठमण्डपले राई स्कुललाई २-१ गोलले पाखा लगाउँदै जोन डेवीसँग उपाधि भिडन्त पक्का गऱ्यो। काष्ठमण्डपका अधिराज श्रेष्ठ र शिभांकराज भट्टराईले गोल गरे। अर्को सेमिफाइनलमा जोन डेवीले संस्कृति इन्टरनेसनल स्कुललाई टाइ ब्रेकरमा ४-३ गोलले पन्छाएको थियो। यु-१३ मा काष्ठमण्डपले रिब्सलाई टाइ ब्रेकरमा २-१ गोलले निराश पाऱ्यो। उपाधिका लागि काष्ठमण्डपले एक्सेल्सियरसंग खेल्ने छ। एक्सेल्सियरले एलआरआईमाथि ३-१ को जित दर्ता गऱ्यो। एक्सेल्सियरका लागि तीनै गोल लियोन गुरुङबाट सम्भव भयो। एलआरआईका सयेश क्षेत्रीले १ गोल फर्काए।

यु-१६ मा रिब्स र न्यु एरा एकेडेमी उपाधिका लागि भिड्ने भएका छन्। रिब्सले बोधीसत्वलाई ३-१ गोलले हरायो। रिब्सका ब्लेस गुरुङले २ तथा आयुश केसीले १ गोल गरे। बोधीसत्वका योगराज खड्काले सान्त्वना गोल गरे। न्यु एराले एक्सेल्सियरको चुनौती ३-० ले समाप्त पाऱ्यो। न्यु एराका पेम्बा तामाङ र आयुश बरामले गोल गरे। १ गोल आत्माघाती थियो। एक्सेल्सियर कपअन्तर्गत बास्केटबलको सिनियर गर्ल्समा रिब्स र आयोजक एक्सेल्सियर बिहीबार फाइनलमा प्रवेश गरेका छन्। रिब्सले ल्यान्डमार्क एकेडेमीलाई २१-९ ले पराजित गऱ्यो। रिब्सको जितमा निमिशा धामीले ८ अंक योगदान गरिन्। अकिना घिमिरेको ७ अंक सहयोगमा एक्सेल्सियरले रेडियन्ट पब्लिकलाई १९-१५ ले हरायो।

सिनियर ब्वाइजमा रेडियन्ट पब्लिकले संस्कृतिलाई ५५-३५ तथा राराहिलले पुष्पसदनलाई ५०-३५ ले पाखा लगाउँदै फाइनलमा स्थान सुरक्षित गरे। रेडियन्टका सुशनराज न्यौपानेले १८ तथा राराहिलका कृष्णले २० स्कोर गरे। एक्सेल्सियर कपमा पहिलोपटक समावेश गरिएको विधा गर्ल्स यु-१२ मा स्वर्णिमले राई स्कुललाई १०-५ तथा चाँदबागले एक्सेल्सियरलाई ९-२ ले पन्छ्याउँदै फाइनलमा स्थान पक्का गरे। स्वर्णिमकी पलिस्था हाडाले ३ तथा चाँदबागकी अग्रबिया महर्जनले ५ अंक जोडे।

## कला

# १ फागुनमा रिलिज हुने श्री बुकुरोको पोस्टर सार्वजनिक




■ सौर्य समाचार

काठमाडौँ। १ फागुनदेखि प्रदर्शनमा आउने नेपाली फिल्म 'श्री बुकुरोः द होम कलिङ'को रोमान्टिक पोस्टर सार्वजनिक गरिएको छ। आधिकारिक ट्रेलर रिलिजअघि निर्माण टिमले फिल्मको पोस्टर सार्वजनिक गरेको हो।
सुदीपभूपाल सिंह निर्देशित फिल्मको पोस्टरमा मुख्य कलाकार आशीर्वाद बी क्षेत्री र निकिता आचार्यलाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ। पोस्टरले फिल्ममा उनीहरूबीचको प्रेमकथा भावनात्मक ढंगले प्रस्तुत हुने संकेत गरेको छ।

'श्री बुकुरो : द होम कलिङ'मार्फत निर्देशक सिंह करिब सात वर्षपछि निर्देशनमा फर्किएका हुन्। यसअघि उनले 'माला' र 'रुद्रप्रिया' निर्देशन गरेका थिए। रेञ्ज ब्यानरमा निर्माण भएको यो फिल्म पारिवारिक ड्रामा जनरामा आधारित छ।

फिल्ममा लक्ष्मी गिरी, प्रतीक राज आचार्य, रोशनी कार्की, राजन इशान, दीपिका थापा, लय संग्रौला, मोहन निरौला, रामबाबु रेग्मी, रश्मि भट्टलगायत कलाकारहरूको अभिनय रहेको छ। फिल्मको कथा तथा पटकथा स्वयं निर्देशक सिंहले लेखेका हुन् भने निर्माता रूबी सेन सिंह हुन्। छायांकन सञ्जय लामा र राजेश श्रेष्ठले गरेका छन्।

# समय सूत्रमा समयको भौतिक र मनोवैज्ञानिक आयामबारे चर्चा

■ सौर्य समाचार



काठमाडौँ। वैदिक तथा वैज्ञानिक पक्षबाट समयको विस्तृत विवेचना गरिएको पुस्तक 'समय सूत्र' सार्वजनिक गरिएको छ। लेखक तथा सम्पादक श्रीश भण्डारीको उक्त पुस्तक हालै काठमाडौँमा आयोजित एक सामारोहबीच सार्वजनिक गरिएको हो। भौतिकशास्त्रका विद्वान् प्राडा उदयराज खनाल, पूर्वीय दर्शनका ज्ञाता प्राडा आमोदवर्धन कौण्डिन्यायन, वरिष्ठ चित्रकार एवं नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानकी पूर्वकुलपति रागिनी उपाध्याय, वरिष्ठ चिकित्सक एवं गीतकार डा.भोला रिजाल, पत्रकार टीकाराम यात्री, इटर्नल पब्लिकेसन प्रालिकी प्रबन्ध निर्देशक यमुना पराजुली अधिकारी, लेखक भण्डारीलगायत व्यक्तिको उपस्थितिमा पुस्तक सार्वजनिक गरिएको हो।

'समय सूत्र'मा समयको भौतिक, अनुभवजन्य, जैविक र मनोवैज्ञानिक आयामका बारेमा वैज्ञानिक र दार्शनिक चिन्तनसहितको चर्चा गरिएको छ। यसमा समयको सार्थकता, वर्तमानको मूल्य, समयको अनिकाल, समय मापन र जीवन व्यवस्थापन जस्ता विषयवस्तु समावेश छन्। पुस्तक लोकार्पण समारोहमा समयबारे प्राज्ञिक व्यक्ति र लेखकबीच समय-संवाद गरिएको थियो। 'समय बुझ्न/बुझाउन एकदमै कठिन विषय हो,' संवादमा सहभागी हुँदै भौतिकस्त्राशी खनालले भने, 'यो पुस्तक मूलतः समयबारे जान्न र यसलाई अझ गहिरोसँग बुझ्न चाहने पाठकका लागि हो।' समयसम्बन्धी जटिल वैज्ञानिक अवधारणालाई यो पुस्तकले स्पष्ट, सटिक र प्रवाहपूर्ण नेपालीमा प्रस्तुत गरेको उनले बताए।

वैदिक र अन्य महत्त्वपूर्ण ग्रन्थका सम्बद्ध विषयलाई मूल उद्धरणसहित उल्लेख गरी प्रामाणिक बनाइएकाले यो पुस्तक समयबारे जान्न चाहने विद्यार्थीवर्ग र आमपाठकका लागि उपयोगी रहेको प्रा.कौण्डिन्यायनले बताए। 'युवा तथा नयाँ पुस्तालाई समयप्रति आमरूपमा सजग गराउन यो महत्त्वपूर्ण माध्यम हुन सक्छ,' उनले भने। वरिष्ठ चित्रकार रागिनी उपाध्यायले असल कर्मबाटै समयलाई सार्थक बनाउन सकिने धारणा व्यक्त गरिन्। 'यो किताबले हामीलाई समयको वास्तविक अर्थबोध गराउनेछ भन्ने मलाई लागेको छ,' उनले भनिन्। लेखक भण्डारीले पुस्तकबारे जानकारी दिँदै भने, 'समय बुझ्नु भनेको घडीको चाल हेर्नु मात्र होइन, अस्तित्वको भाषा बुझ्नु, भाव अनुभूति गर्नु र लय पक्रनु हो। यो किताब पढिसकेपछि कुनै पनि पाठकले आफ्ना पललाई बितिजाने एकाइमा मात्र नभई अर्थयुक्त सम्भावना पनि हो भनेर बुझ्न सक्नुभयो भने म आफ्नो अभीष्ट सिद्ध भएको मान्नेछु।'

आवश्यकता

यस सृजना इन्टरनेशनल मिडिया प्रालिद्वारा प्रकाशित सौर्य राष्ट्रिय दैनिकका लागि निम्न जनशक्ति आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकले तल उल्लेखित ठेगानामा सम्पर्क राख्नुहोला।

१. पद : ग्राफिक्स डिजाइनर
संख्या : ४
योग्यता : इनडिजाइन र फोटोसपमा दक्ष, डिजाइनको क्षेत्रमा कम्तीमा १ वर्ष काम गरेको अनुभव
पारिश्रमिक तथा सुविधा : कम्पनीको नियमअनुसार

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.
पानीपोखरी, काठमाडौं पो.ब.नं. १०३८७
फोन नं. ०१-४५२०१९५
इमेल : info@souryadaily.com

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी